

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



वर्ष : २५ ★ अङ्क : ३४५ ★ ने. सं. ११४४ थिंल्ला गा, सप्तमी ★ बुधबार ★ १८ पुस, २०८० ★ January 3, 2024, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## विविध कार्यक्रमसाथ क्युवाली समाजवादी क्रान्तिको ६५ औं वार्षिकोत्सव




हवाना, (टेलेसुर) क्युवाले विविध कार्यक्रमसाथ क्युवाली समाजवादी क्रान्तिको ६५ औं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा क्युवाली कम्युनिस्ट पार्टीका प्रथम सचिव एवं राष्ट्रपति मिग्वेल डियाज कानेल बर्मुडेजले अमेरिकी साम्राज्यवाद र आर्थिक नाकाबन्दीलाई सामना गर्दै क्युवाली जनता फिडेलको विचारप्रति वफादार रहने घोषणा गर्नुभयो ।

"क्युवाली क्रान्तिकारीहरू आत्मसमर्पण गर्न र आफ्नो झण्डा झुकाउन गर्न यो ६५ औं वार्षिकोत्सव मनाइरहेका छैनन्, हामी फिडेलले देखाएको मार्गमा निरन्तर अगाडि बढिरहेका छौं ।" राष्ट्रपति डियाज-क्यानेलले आइतबार आफ्नो नयाँ वर्षको सन्देशमा जोड दिनुभयो ।

हरेक वर्ष जनवरी १ मा, क्युवालीहरूले संरा अमेरिका समर्थित तानाशाह फुलजेन्सियो बाटिस्टाविरुद्ध कमाण्डर फिडेल क्यास्ट्रोको नेतृत्वमा प्राप्त गरेको क्रान्तिको विजयको वार्षिकोत्सव मनाउने गर्छन् । क्युवाली जनता र सरकारले यस ऐतिहासिक कोसेढुङ्गालाई विभिन्न कार्यक्रमकासाथ स्मरण गर्छन् ।

यस वर्ष जनवरी १ को पहिलो मिनेटमा सन् १९५९ मा क्युवाली क्रान्तिको विजय घोषणा गरिएको सान्टियागोलगायत धेरै सहरमा क्युवाली झण्डा फहराइएको थियो । सान्टियागोका अधिकारीहरू र बासिन्दाहरूले सान्ता इफिगेनिया समाधिस्थलको भ्रमण गरेका छन्, जहाँ कमाण्डर फिडेल क्यास्ट्रोको समाधिमा फिडेललगायत क्रान्तिका संस्थापक नेताहरूलाई श्रद्धाञ्जली दिइएको छ ।

समाजवादी क्रान्तिको विजयको ६५ औं वार्षिकोत्सवको सम्झनाको केन्द्रीय कार्यक्रम सान्टियागोमा स्थानीय समयअनुसार डिसेम्बर ३१ को बेलुका ७ बजे सुरु भएको थियो ।

"क्युवाले क्रान्तिको विजयको ६५ औं वार्षिकोत्सव हर्षोल्लासका साथ मनाएको छ । यो क्रान्ति हो जुन प्रतिकूलताको सामना गर्दै अगाडि बढिरहेको छ र क्रुर नाकाबन्दीको सामना गरिरहँदा पनि क्युवालीहरू कहिल्यै पछाडि नफर्कने दृढ सङ्कल्पका साथ अगाडि बढ्नेछन्," क्युवाली कम्युनिस्ट पार्टीका पोलिट ब्युरो सदस्य एवम् विदेशमन्त्री ब्रुनो रोड्रिगेजले भन्नुभयो ।

"सबै प्रतिकूलतालाई सहने क्रान्तिको रहस्य भनेको प्रतिरोध र सृजनशीलताको अद्वितीय इतिहास, दृढ नेतृत्व र आधारभूत सिद्धान्तहरूको साथमा जनताको लोकप्रिय सहभागिता रहेको छ," उहाँले स्पष्ट पार्नुभयो ।

सान्टियागो डे क्युवामा हजारौंको र्‍यालीमा सामेल भएका थिए जहाँ क्युवाली क्रान्तिकारीहरूले कमाण्डर फिडेल क्याष्ट्रोको नेतृत्वमा मोन्काडा र कार्लोस म्यानुएल डे सेस्पेडेस ग्यारिसनमा आक्रमण गरेका थिए । सहभागी हजारौँले क्रान्तिको क्रममा र क्रान्तिको विकासको निम्ति जीवन समर्पण गरेका क्रान्तिकारीहरूलाई श्रद्धाञ्जली अर्पण गरेका थिए ।


**बाँकी पृष्ठ ८**


## विदेशीको भरमा बसेसम्म देशको अर्थतन्त्र मजबुत नहुने

काठमाडौँ, १७ पुस । देशमा आर्थिक समस्या छ । अर्थमन्त्री प्रकाशशरण महतले पनि आर्थिक समस्या रहेको स्वीकारेका छन् । तर, उनले अर्थतन्त्र सुधारउन्मुख रहेको र आउँदा दिनमा आर्थिक वृद्धि हुने विश्वास दिलाए । सरकारले देशको अर्थतन्त्र सुध्रियो भनिरहँदा नेपाल उद्योग परिसङ्घ (सीएनआइ) ले अर्थतन्त्र अझै मन्दीमा रहेको तथ्याङ्क सार्वजनिक गर्‍यो । सरकारले मन्दीको तथ्याङ्क लुकाउन नहुने सो सङ्घको दाबी हो । आशङ्का र अनुमानको भरमा कमी कमजोरी छोप्ने या बढाइचढाइ गर्नु सही कदम होइन । हचुवाको भरमा गरिएको टीकाटिप्पणीमा जनताको विश्वास हुँदैन । राष्ट्रको नाउँमा प्रम दाहालले सम्बोधन गर्दा क्रमभङ्ग गर्ने कुरा उठाएका थिए । सरकारले देशको अर्थतन्त्र मजबुत बनाएर विकास उचाइमा पुर्‍याएर क्रमभङ्ग गर्न सके त्यो देश र जनताको निम्ति फलदायी हुनेमा शङ्का छैन ।

देशको अर्थतन्त्रबारे पुस १७ गतेको 'कान्तिपुर' दैनिकमा लेखियो; 'सरकारले अर्थतन्त्र सुध्रियो भनिरहँदा माग र उत्पादन नबढेको तथ्याङ्क सार्वजनिक ।' समाचारमा अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासमा अर्थतन्त्रमा सुधार देखिँदैन; समग्र बजार माग खस्किएको छ; कच्चा पदार्थको मूल्य निरन्तर उकालो लागेको छ; उद्योगको कच्चा पदार्थको आयातमा समेत गिरावट देखिएको उल्लेख छ । सोही दिनको 'नयाँ पत्रिका' दैनिकमा 'अर्थतन्त्र अझै मन्दीमै : निजी क्षेत्र,' 'मन्दीको तथ्याङ्क सरकारले लुकायो' भनी लेखियो । 'राजधानी' दैनिकमा 'सरकारले भने जस्तो अर्थतन्त्रमा सुधार भएको छैन : परिसङ्घ' शीर्षकको समाचार छापियो । विभिन्न पत्रिकाका यी शीर्षकले अर्थतन्त्रमा सुधार नभएको देखाउँछ । उद्योगी व्यवसायीले आफ्नो लगानीको योजना स्थगित गर्नु र लगानी गर्नेले सुधार गर्न नसक्नुको कारण केलाउनु जरुरी छ ।

सरकारले आफ्नै देशमा रहेको स्रोत र साधन उपयोग गर्न ध्यान नदिँदा, देशका राष्ट्रिय पुँजीपतिवर्गलाई भन्दा विदेशी उद्योगपतिलाई प्राथमिकता दिँदा र हरेक कुरा विदेशीको भरमा बस्दा देशको राजस्व नबढेको अर्थविद्हरूको गुनासो छ । सरकारको ध्यान उत्पादन बढाउनेतिर गएको दखिँदैन । देशको उत्पादन बढाउने र आम्दानी गर्ने चिन्ताभन्दा भएको आन्दानीमा पोस्ने, रमाउने कार्यले गर्दा आर्थिक समस्या बढेको अर्थविद्हरूको आकलन होइन भन्न सकिँदैन । अर्थतन्त्रको प्रतिकूल अवस्थाकै कारण गत वर्ष नै उद्योगी व्यवसायीको मनोबल कमजोर भएको थियो । उखु उत्पादन बढाएर स्वदेशमै चिनीमा आत्मनिर्भर बनाउन लाग्नुपर्ने सरकारले उखु किसानहरूको पीडा बुझ्दैन । उखु मूल्य नपाएर या चिनी मिलले उखु नकिनेर किसान खेतमै उखु


**बाँकी पृष्ठ ८ मा**


## सुप्रसिद्ध पत्रकार जोन पिल्जरको निधन



काठमाडौँ, १७ पुस । अस्ट्रेलियाली मूलका प्रसिद्ध पत्रकार, वृत्तचित्र निर्माता तथा लेखक जोन पिल्जरको गत डिसेम्बर ३० (पुस १४) का दिन ८४ वर्षको उमेरमा लन्डनमा निधन भएको छ ।

जोन पिल्जर लामो समयदेखि पत्रकारितामा सक्रिय थिए । उनले सन् १९६० को दशकदेखि लन्डनबाट पत्रकारिता सुरु गरेका थिए । विशेषत:उनी संरा अमेरिका, बेलायतजस्ता साम्राज्यवादी देशहरूका विदेश नीति एवम् आदिवासी जनताप्रतिको अस्ट्रेलिया सरकारको दमनकारी नीतिका सशक्त आलोचक थिए ।

भियतनाम, कम्बोडिया, प्यालेस्टिन तथा ल्याटिन अमेरिकाका विभिन्न देशमा साम्राज्यवादी हमला र त्यसका दुष्प्रभावहरूबारे पचासौँ वृत्तचित्रहरू बनाएका पिल्जरले पछिल्लोपल्ट चीनलाई घेर्ने पश्चिमा चाललाई आफ्नो वृत्तचित्र 'द कमिङ वार अन चाइना' मार्फत उदाङ्गो पारेका थिए ।

जोन पिल्जर अस्ट्रेलियाली मूलकै पत्रकार विल्फ्रेड बर्चेटबाट प्रभावित थिए । एक लेखकका रूपमा पिल्जरले खोज पत्रकारिताको विजय हुने उद्घोषका साथ 'टेल मि नो लाइज' नामक पुस्तक प्रकाशित गरेका थिए । पछिल्लो क्रममा पिल्जर अस्ट्रेलियाली मूलकै युवा पत्रकार जुलियन असान्जको रिहाइका लागि प्रयासरत थिए ।

## योमरी उत्सव र सम्पदा पदयात्राको धन्यवादज्ञापन कार्यक्रम सम्पन्न



भक्तपुर, १७ पुस । भक्तपुर नगरपालिकाको आयोजनामा २०८० पुस १४ गते शनिबार 'बहाबही चिनौँ, सम्पदा संरक्षण गरौँ' भन्ने नाराका साथ सम्पन्न योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रामा सहभागी सरोकारवालाहरूबिच धन्यवादज्ञापन कार्यक्रम मङ्गलबार भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले


**बाँकी पृष्ठ ८**



**सुन्तलाको व्यापार**
कालीमाटी फलफूल तथा तरकारी बजारमा व्यापारीले मङ्गलबार बिक्रीका लागि राखेको सुन्तला । तस्बिर : हरिराम भेटुवाल/रासस

# एक सातापछि बिदा भए नवदुर्गा नृत्यका देवगण

भक्तपुर, १७ पुस । भक्तपुरको प्रसिद्ध नवदुर्गा नाचका 'देवगण' एक सातासम्म मध्यपुरथिमिका टोलटोलमा नृत्य प्रस्तुतसँगै स्थानीयको पूजा ग्रहण गरी बिदा भएको छ ।

मध्यपुरथिमिमा यही पुस ११ गतेदेखि सुरु भएको नवदुर्गा नाच अन्तिम दिन सोमबार दिउँसो र राति मरुटोल र बालकुमारी प्राङ्गणमा बाराही नाच, सिम्हादुम्हा न्यालाकेगु नाच, महाकाली नाच, श्वेत भैरव न्यालाकेगु जात्रापछि आरतीसँगै प्रदर्शन गरिएको थियो । त्यसपछि स्थानीयको पूजा ग्रहण गरी नवदुर्गा नाच भक्तपुर फर्किएको मध्यपुरथिमि नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

मध्यपुरथिमिको दिगुटोलबाट सुरु भएको नवदुर्गा नाच चपाचोमा प्यमा द्यो नाच, भुँलाखेलमा प्यमा द्यो नाच र खाँ प्याखँ नाच, नगदेश र बोडेमा, दथुटोलमा, दधिकोटको चित्रपुरमा, मध्यपुरथिमिको मरुटोल र वप्पा महादेव क्षेत्रमा मुँ वाहन लिकेगु नाच प्रदर्शन गरिएको थियो । अन्तिम दिन सोमबार दिउँसो र राति बालकुमारी क्षेत्रमा प्रदर्शन गरेपछि स्थानीयले भव्य पूजासहित देवगणलाई बिदा गरेका थिए ।

नवदुर्गा जात्रा व्यवस्थापन समितिका सचिव रत्नमान वनमालाका अनुसार नवदुर्गा नाचमा देवगणले गणेश, कुमार, सिंह कुमारी र दुम बाराहीको मुखुण्डोलगायत तान्त्रिक विधिअनुरूप नाच्ने गर्दछन् । नवदुर्गा नाचमा साक्षात् नवदुर्गा देवी प्रकट हुने जनविश्वास छ ।

नवदुर्गा देवगणलाई नृत्य प्रदर्शनका लागि नगरपालिकाले बजेटको व्यवस्था गर्दै आएको छ । एक साता मध्यपुरथिमिको बालकुमारीस्थित नवदुर्गा द्यो छेँमा बसेर देवगणले नगरका विभिन्न स्थानमा नृत्य प्रस्तुत गरेको थियो ।।

# मासु पसलमा अनुगमन

भक्तपुर, १७ पुस । भक्तपुर नगरपालिका पसल अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा सुकुलढोकादेखि इनाचोसम्म रहेका मासु पसलहरूमा मङ्गलबार अनुगमन गरियो ।

अनुगमनमा टोलीले सराज फिस हाउस दर्ता प्रमाणपत्र पसलमा नभएकोले तीन दिनभित्र प्रमाणपत्र लिई कार्यालयमा उपस्थित हुन र साइनबोर्डमा मेराज फिस हाउस भएकोले दर्ता गरेअनुसार साइनबोर्ड मिलाउन, सरसफाइमा ध्यान दिन, मूल्यसूची राख्न, एप्रोन सेतो प्रयोग गर्न, पानीको निकास व्यवस्थित गर्न, पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिई तराजु नवीकरण नभएकोले एक थान जफत गऱ्यो ।

न्यु माधव फिस हाउसमा सरसफाइमा ध्यान दिन, मूल्यसूची राख्न, एप्रोन सेतो प्रयोग गर्न, निकास व्यवस्थित गर्न, पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिइयो ।

जय भीमसेन मासु पसललाई पसल दर्ता गराएर तराजु नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दिइयो ।

त्यस्तै, सिद्धि गणेश मासु पसल नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, मूल्यसूची राख्न, एप्रोन सेतो प्रयोग गर्न, निकास व्यवस्थित गर्न निर्देशन दिई तराजु नवीकरण नभएकोले एक थान जफत गरियो ।

दोलखा भीमसेन मिट सपलाई सरसफाइमा ध्यान दिन, मूल्यसूची राख्न, एप्रोन सेतो प्रयोग गर्न, पसल नवीकरण गर्न र तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु नवीकरण नभएकोले एक थान जफत गरियो ।

इनाचो मिट सप दर्ता नभएकोले त्यही दर्ता गराएर सरसफाइमा ध्यान दिन, मूल्यसूची राख्न, एप्रोन सेतो प्रयोग गर्न, तराजु नवीकरण गर्न र निकास व्यवस्थित गर्न निर्देशन दिइयो ।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैँया सुवाल, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेसन उपशाखाका प्रमुख दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, पशु सेवा शाखा भक्तपुरका पार्वती योञ्जन, राष्ट्रिय उपभोक्ता मञ्चबाट लक्ष्मी भण्डारी, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, भक्तपुर उद्योग वाणिज्य सङ्घका राजेश त्वानावासु, महानगरीय प्रहरी परिसरका रेशम बस्नेत र भनपा कर उपशाखाका न्हुज किजु सहभागी हुनुहुन्थ्यो ।

# भक्तपुर बचतको अध्ययन भ्रमण सम्पन्न

भक्तपुर, १७ पुस । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.का समिति, उपसमिति, सल्लाहकार र कर्मचारीहरूको तीनदिने सहकारी अध्ययन भ्रमण सोमबार सम्पन्न भएको छ ।

शनिबार रामेछापको मन्थली बचत तथा ऋण सहकारी संस्था लि. र आइतबार दोलखा, जिरीको एकीकृत फ्रेन्डसिप बचत तथा ऋण सहकारी संस्थामा उक्त संस्थाले अध्ययन भ्रमण गरेको हो ।

नेपालको स्वीटजरल्यान्ड भनेर चिनिने जिरी नपामा अवस्थित एकीकृत फ्रेन्डसिप बचतका अध्यक्ष भूमिराज खड्काले भक्तपुर बचतका प्रतिनिधिमण्डललाई स्वागत गर्दै १६ वटा संस्था एकीकृत गरी हाल दोलखा, रामेछाप, सिन्धुपाल्चोक र काठमाडौँलाई कार्यक्षेत्र बनाई कार्य गरिरहेको बताउनुभयो ।




उहाँले सहकारीभित्रको सबल र दुर्बल पक्षलाई केलाउँदै हाल दोलखाका धेरै युवाहरू विदेश पलायन भएकाले बचत गर्न र ऋण लगानी गर्नमा समस्या आएको बताउनुभयो । स्रोत साधन र पुँजी पलायन भएकोमा चिन्ता व्यक्त गर्दै उहाँले सहकारीको भक्तपुर बचतका प्रतिनिधिहरूबाट उठाएका जिज्ञासा मेटाउनुभयो ।

प्रमुख कार्यकारी रामबहादुर केसीले एकीकृत फ्रेन्डसिप बचत र जिरी क्षेत्रको विषयमा विस्तृत जानकारी दिनुभएको थियो ।

कार्यक्रममा भक्तपुर बचतका अध्यक्ष निर्मल प्रजापतिले अध्ययन भ्रमणको औचित्य प्रस्ट्याउँदै यस भ्रमणले एक अर्काबिच राम्रो पक्षको अनुसरण हुने बताउनुभयो । उहाँले संस्थाको आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका विभिन्न विषयबारे जानकारी दिनुभयो । कार्यक्रममा भक्तपुर बचतका सल्लाहकार एवं पूर्वअध्यक्ष रत्नप्रसाद प्रजापति, उपाध्यक्ष लक्ष्मीप्रसाद कुसी, सहसचिव तारादेवी धन्छा, सदस्य विष्णुकुमार प्रजापति, व्यवस्थापक सत्यनारायण साँयजुलगायतले बोल्नुभएको थियो ।

अवलोकन भ्रमणको क्रममा संस्थाले दोलखाको ६० मेगावाट क्षमताको बिजुली उत्पादन केन्द्र खिम्तीस्थित हिमाल पावर कम्पनीको अध्ययन गरेको छ । एक किलोमिटरको दुरीमा रहेको सुरुङमा सञ्चालित उक्त जलविद्युत् केन्द्रका स्टोर हेरचाहका तोरणबहादुर खड्काले तीन खेपमा जलविद्युत्बारे जानकारी दिनुभएको थियो ।

# रानी जमरा कुलरिया आयोजना: सिँचाइसँगै बल्यो बिजुली

-रमेश लम्साल

काठमाडौँ, १७ पुस । कैलालीको सम्मफाँट । चित्ताआकर्षक कर्णाली चिसापानीको पुल । निरन्तर बगिरहेको कर्णाली नदीको पनि नेपालको सबैभन्दा लामो नदीको आफ्नै विशेषता छ । त्यही पुलको पश्चिम कुनामा एउटा बाँध छ । सोही नदीमा अनेकन नामबाट परम्परागत रूपमा नै सिँचाइ उपलब्ध हुँदै आएको थियो । आर्थिक वर्ष २०६६/६७ मा परम्परागत सिँचाइलाई आधुनिकीकरण गर्ने काम सुरु भयो । अनि नाम दिइयो- रानीजमरा कुलरिया सिँचाइ आयोजना ।

सो सिँचाइ प्रणाली स्थानीय किसानले नै निर्माण गरेर व्यवस्थापनसमेत हुँदै आएको सबैभन्दा ठूलो मध्येको एक हो । सो प्रणालीको स्रोत कर्णाली नदीको पश्चिम भूभागको भरही नाला हो । स्थानीयवासीका अनुसार सो प्रणालीको निर्माण करिब एक सय २० वर्षभन्दा पहिले नै भएको हो । ऐतिहासिक महत्त्व बोकेको सो आयोजनाले कैलालीका समथर फाँटको सिँचाइ मात्रै गरेको छैन, तराईमा पहिलोपटक बिजुलीसमेत उत्पादन गरेको छ । विगतमा टीकापुर नगरपालिका, लम्की चुहा नगरपालिका र जानकी गाउँपालिकाको करिब ११ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराइँदै आएको थियो ।

आधुनिक सिँचाइ प्रणालीको विकासपछि ३८ हजार तीन सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ । रानीजमरा कुलरिया सिँचाइ मूल उपभोक्ता समितिका अध्यक्ष कुमारराज शाहीका अनुसार परम्परागत सिँचाइ प्रणालीलाई नै आधुनिक प्रणालीले अनुसरण गरेको छ । यसले इतिहासको सम्मान गर्दै आधुनिकताको खोजी गरेको छ । आयोजनास्थलको स्थलगत निरीक्षणमा पुग्नुभएका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओलीसमक्ष शाहीले भन्नुभयो, "पानीको उचित व्यवस्थापन गरिदिन अनुरोध छ । आयोजनाले सिँचाइ मात्रै नभई बिजुली पनि उत्पादन गरेकाले त्यसबाट स्थानीय उपभोक्ताले बढी लाभ पाउनुपर्छ भन्ने हाम्रो माग छ ।" आफ्ना माग सुनाउन भेला भएका स्थानीयवासीले कर्णाली नदीले दिने दु:खको इतिवृत्त पनि सुनाए । उनीहरूले बलियो तटबन्धको मागसमेत राखे ।

नदी उकास गरेर खेतमा बगेको खोलालाई तह लगाइदिन पनि अनुरोध गरे । अध्यक्ष शाहीले आयोजनाको सञ्चालन, व्यवस्थापन स्थानीय उपभोक्ताले गर्ने भएकाले सरकारले कुनै चिन्ता नलिनसमेत अनुरोध गर्नुभयो । यद्यपि, उहाँले निर्माण व्यवसायीले अझै पूर्ण काम सम्पन्न नगरेकामा गुनासो पनि गर्नुभयो । आयोजनाको रानी र जमराको काम सम्पन्न भएको छ । विश्व बैङ्कको सहयोगमा सिँचाइ प्रणालीको आधुनिकीकरणतर्फको प्रथम चरणको काम पूरा भएको छ । दोस्रो चरणको काम चालु आवमा सम्पन्न हुने लक्ष्यका साथ काम भइरहेको छ ।

किसान निर्मित तथा व्यवस्थित सिँचाइ प्रणालीलाई सञ्चालन गर्न किसानले प्रत्येक वर्ष कर्णाली नदीमा ( भरही नाला)मा स्थानीय झारपात ढुङ्गा आदिजस्ता उपलब्ध सामग्रीको प्रयोग गरी तीन वटा अलग-अलग स्थानमा अस्थायी बाँध बनाउँथे । नदीको बगरमा कुलो खनेर आ-आफ्नो सिँचाइ प्रणालीका लागि पानी लैजाने व्यवस्था मिलाउँदै आएका थिए । हरेक वर्ष अस्थायी बाँध र बगरमा बनाइएको कुलो कर्णाली नदीले बगाउँथ्यो । खेतमा पानी पुऱ्याउन उपभोक्ताले पुन: बनाउनुपर्ने झन्झट व्यहोर्नु पर्दथ्यो ।

कर्णाली नदीमा आउने बाढीले बनाइएको बाँध र नदीको बगरमा बनाइएको नहरलाई क्षति गरेपछि देशावर लगाउनुपर्दथ्यो । क्षतिग्रस्त प्रणालीलाई आवश्यकताअनुसार ठूलो जनश्रम परिचालन गरी मर्मत गरी प्रणालीलाई सञ्चालनमा ल्याउनु परेको थियो । बर्सेनि गर्नुपर्ने मर्मत सम्भारको समस्याका साथै प्रणालीमा पानीको बहाव नियन्त्रण गर्ने संरचना नभएकाले कर्णालीबाट आउने अनियन्त्रित पानी प्रणालीमा प्रवेश गर्दा यस प्रणालीको सिञ्चित क्षेत्र र यसको किनारा क्षेत्रमासमेत पानी जम्ने समस्या, सिञ्चित क्षेत्र कटान पनि उत्तिकै हुन्थ्यो ।

सोही समस्या अब भने स्थायी रूपमा समाधान हुने भएको छ । कर्णाली चिसापानी पुल नजिकै सिँचाइ आयोजनाको बाँध निर्माण गरिएको छ । नेपालमा खासगरी विसं १९७९ देखि सिँचाइ प्रणालीको काम औपचारिक रूपमा सुरु भएको मानिन्छ । चन्द्र नहरको निर्माण भएपश्चात्, सरकारीस्तरमा सिँचाइको विकास सुरु भएको हो । विसं २००९ मा नहर विभागको स्थापना भएपछिको अवस्थालाई हेर्ने हो भने सिँचाइ आयोजनाले बिजुली पनि उत्पादन गरेको पहिलोपटक हो ।

सरकारले सिँचाइ आयोजनालाई बहुउद्देश्यीय बनाउन थालेको छ । त्यसको खास उदाहरणका रूपमा भेरी बबई डाइभर्सन आयोजना र सुनकोसी मरिण डाइभर्सन आयोजना निर्माणका क्रममा छन् । ती आयोजनाभन्दा पहिले नै रानीजमरा कुलरिया आयोजनाले बिजुली उत्पादन गरेको छ । गत मङ्सिरको अन्तिम सातादेखि आयोजनाले परीक्षण उत्पादन थालेको हो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार प्राधिकरणका प्राविधिकको उपस्थितिमा आवश्यक परीक्षण भइसकेको छ । व्यावसायिक उत्पादन छिट्टै सुरु गर्ने तयारी छ । त्यसका लागि केही प्राविधिक निर्णय आवश्यक छ ।

आयोजनाका सिनियर डिभिजनल इन्जिनियर टोपबहादुर खत्रीले गत मङ्सिर अन्तिमदेखि चार दशमलब ७१ मेगावाट विद्युत् उत्पादन सुरु गरेको जानकारी दिनुभयो । सिँचाइ आयोजना भए पनि परियोजनामा बिजुलीसमेत उत्पादन भएपछि स्थानीय र सम्बद्ध आयोजनाका अधिकारीलाई पनि खुसी तुल्याएको छ । तराई क्षेत्रमा पनि आठ मिटर बराबरको हेड (उचाइ) प्राप्त भएपछि बिजुली उत्पादनको लक्ष्य राखिएको जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ओलीको भनाइ छ ।

सिँचाइ नहरमा पानी उपलब्ध हुँदा बिजुली पनि उत्पादन हुन्छ । बत्ती बाल्न सुरु गरिएको छ । राष्ट्रिय प्रसारण प्रणालीमा जोडनका लागि आफूले आवश्यक निर्देशन दिइसकेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइ छ । उत्पादित बिजुली र आयोजना सञ्चालनको आवश्यक ढाँचा भने तय हुन सकेको छैन । सिँचाइसँगै बिजुली पनि उत्पादन सुरु भएकाले के कसरी सञ्चालन गर्ने, त्यसबाट प्राप्त हुने आम्दानीको बाँडफाँट कसरी गर्ने भन्ने बारेमा आवश्यक निर्णय हुन जरुरी छ । सञ्चालन मोडालिटी नभएकाले ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले त्यसको आवश्यक तयारी गरिरहेको छ ।

प्राधिकरणले विद्युत् खरिद सम्झौताका अलावा त्यसबाट प्राप्त हुने आम्दानीको विन्यासका बारेमा छिट्टै निर्णय हुने विश्वास व्यक्त गरेको छ । विभागले आफ्नो आयोजना भएकाले आफूहरूले नै सञ्चालन गर्ने बताउँदै आएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री बस्नेतले यसबारेमा छिट्टै निर्णय हुने स्थानीयवासीलाई समेत आश्वस्त बनाउनुभएको छ । मन्त्री बस्नेतले आयोजनास्थलमा नै बिजुली उत्पादनको अवस्थाका बारेमासमेत यही पुस १० गते जानकारी लिनुभएको थियो । सिँचाइ आयोजनामा बिजुली बाल्न खासमा सजिलो काम थिएन । अनेकन प्राविधिक जटिलता पनि आइपरे । बिजुली उत्पादनका लागि स्वदेशी तथा भारतीय प्राविधिकले नियमित काम गरे । सो आयोजनाको कूल लागत रु. २७ अर्ब ७० करोड बराबर छ । हाल आयोजनाको भौतिक प्रगति ६८ प्रतिशत र वित्तीय प्रगति ६६ प्रतिशत बराबर छ ।

# रोहिणी गाउँपालिकाद्वारा बालिका बीमा कार्यक्रम सुरु

लुम्बिनी, १७ पुस । रूपन्देहीको रोहिणी गाउँपालिकाले बालिका बीमा कार्यक्रम सुरु गरेको छ । ग्रामीण क्षेत्रमा बालविवाहको अन्त्य गर्न, समयमै जन्मदर्ता, विवाह दर्ताजस्ता व्यक्तिगत घटना दर्ताका लागि नागरिकलाई प्रोत्साहन गर्न बालिका बीमा कार्यक्रम सुरु गरिएको गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादवले बताउनुभयो ।

बीमा कार्यक्रमबाट बालिकाको उच्च शिक्षामा सहयोग पुग्ने तथा आर्थिकरूपमा कमजोर परिवारलाई केही भए पनि सहयोग पुग्ने अपेक्षासहित कार्यक्रम सुरु गरिएको अध्यक्ष यादवले बताउनुभयो । उहाँले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा जन्मिएका बालिकाको बीमा गरिने बताउनुभयो । यो कार्यक्रमबाट भ्रुण हत्यामा कमी आउने र छोराछोरीबिचको भेदभाव पनि कमी आउने विश्वास गरिएको उहाँले बताउनुभयो ।

रोहिणी गाउँपालिका र प्रभु महालक्ष्मी इन्स्योरेन्स कम्पनी लिमिटेडबिच बीमा सम्झौता भएको छ । सम्झौताअनुसार रोहिणीअन्तर्गतका स्वास्थ्य संस्थामा र स्वास्थ्य संस्थाले सिफारिस गरेकामध्ये छोरी जन्मिएकालाई यो बीमा योजनामा आबद्ध गराइने उल्लेख छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीप्रसाद गौतमले गाउँपालिका अध्यक्ष बालिका संरक्षण अभियानअन्तर्गत बालिका बीमा कार्यक्रम लागू गरिएको बताउनुभयो । उहाँले बालिका बीमा कार्यक्रमले बालिकाको उच्च शिक्षामा मात्र नभई बालविवाह अन्त्य, घरमै सुत्केरी गराउने प्रचलनलाई स्वास्थ्य संस्थामा गराउन प्रोत्साहन गर्ने बताउनुभयो । "बालिकालाई संरक्षण गर्ने गाउँपालिकाको अभियान छ", उहाँले भन्नुभयो, "अभियानअन्तर्गत विभिन्न कार्यक्रम हुनेछन् ।" यसका लागि कार्यविधिअनुसार एक बालिकाका लागि गाउँपालिकाले रु. २० हजार एकपटक राखिदिने र अभिभावकले स्वेच्छाले रकम थपेर बीमा गर्न सक्ने व्यवस्था गरिएको छ ।

गाउँपालिकाका प्रवक्ता तथा वडा नं ३ का वडाध्यक्ष वीरबहादुर क्षेत्रीले चालु आर्थिक वर्षमा बालिका बीमा कार्यक्रमका लागि रु. ३० लाख विनियोजन गरिएको जानकारी दिनुभयो । उहाँले आव २०७९/८० र २०८०/८१ मा एक सय ९० जना बालिका रोहिणी गाउँपालिकामा जन्मिएका र मापदण्डमा पर्ने बालिकाको बीमा गरिने बताउनुभयो । उहाँले आगामी वर्ष पनि यो कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



**अलपत्र पुल**

राप्ती राजमार्गअन्तर्गत पर्ने रुकुम पश्चिमको मुसीकोट नगरपालिका- ११ र १२ मा पर्ने पितिवाङ खोलामा अलपत्र अवस्थामा रहेको पुल । विसं २०७४ मा दुई वर्षभित्र सम्पन्न गरिसक्ने गरी संरक्षण निर्माण सेवा कम्पनीले रु. पाँच करोड २८ लाखमा सम्झौता गरेको थियो । ६ वर्ष पुग्दा पनि पुल निर्माणको काम अलपत्र अवस्थामा रहेको छ । उक्त खोलामा पुल नबन्दा जिल्लाबाट देशका विभिन्न ठाउँमा आवतजावत गर्ने सवारीसाधनलगयत पैदलयात्रीलाई सास्ती हुने गरेको छ ।

*तस्बिर : बलबहादुर ओली/रासस*

# नब्बे हजार विदेशी पर्यटकद्वारा मुस्ताङ भ्रमण

म्याग्दी, १७ पुस । पर्यटकीय जिल्ला मुस्ताङमा एक वर्षको अवधिमा ९० हजार विदेशी पर्यटकले भ्रमण गरेका छन् । सन् २०२३ मा ९० हजार तीन सय ५६ जना विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालयले जनाएको छ ।

एक्यापका प्रमुख पदमराज रेग्मीले सन् २०२२ को तुलनामा २४ हजार चार सय २५ जना बढी पर्यटक मुस्ताङ भ्रमणमा आएका जानकारी दिनुभयो । " राष्ट्रिय सडक सञ्जालमा जोडिएको, अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका उत्कृष्ट १० गन्तव्यमा समेटिएको यो जिल्लाको प्रचुर मात्रामा प्रचार-प्रसार भएसँगै सुविधायुक्त होटल खुलेका कारण मुस्ताङमा पर्यटक आगमन बढेको हो", उहाँले भन्नुभयो, "भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथ र मुस्ताङको भ्रमण गरेपछि भारतीय नागरिक मुस्ताङ भ्रमणमा आउने क्रम पनि बढेको छ ।"

सन् २०२२ मा ६५ हजार नौ सय ४०, सन् २०२१ मा दुई हजार तीन सय र २०२० मा दुई हजार तीन सय ४७ जना पर्यटक मुस्ताङ आएका थिए । कोरोना महामारीअघि मुस्ताङमा अधिकतम वर्षिक ६० हजार जनासम्म पर्यटक आएका थिए ।

सन् २०२३ मा मुस्ताङ भ्रमणमा आएकामध्ये ७२ हजार एक सय ९० जना दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) राष्ट्रका र १८ हजार एक सय ६६ जना तेस्रो मुलुकका छन् । दश हजार सात सय ३३ जना पर्यटक थोराङ्ला पास भएर मनाङ हुँदै मुस्ताङ आएका एक्याप प्रमुख रेग्मीले बताउनुभयो ।

कागबेनीबाट कोरला नाकासम्मको उपल्लो मुस्ताङको अर्धनिषेधित भूगोलमा भ्रमण गर्न विदेशीले सात दिनका लागि पाँच सय डलर शुल्क तिर्नुपर्छ । गण्डकी प्रदेशको लमजुङ, कास्की, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लामा समेटिएको एक्याप क्षेत्रको भ्रमण गर्न सार्क मुलकका पर्यटकलाई प्रतिव्यक्ति रु. एक हजार र तेस्रो मुलुककालाई प्रतिव्यक्ति रु. तीन हजार तोकिएको छ ।

उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफा मुस्ताङका आकर्षण हुन् । मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बा ताललगायत मुस्ताङका धार्मिक र पर्यटकीयस्थलमा पर्यटक आगमन पुरानै लयमा फर्किएको छ ।

म्याग्दी हुँदै सडक र पोखराबाट हवाईमार्ग भएर पर्यटक मुस्ताङ पुग्ने गरेका छन् । मनाङ हुँदै थोरङ्ला भञ्ज्याङ पार गरेर केही पर्यटक मुस्ताङ प्रवेश गर्ने गरेका छन् । विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा समेटिएको मुस्ताङ आन्तरिक र बाह्य पर्यटकको रोजाइमा परेको छ ।

समग्रमा मुस्ताङमा विदेशी पर्यटकको सङ्ख्या बढेको पाइए पनि सार्क मुलुक बाहिरका पर्यटकको सङ्ख्या भने घट्दै जानु चुनौती रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बताउनुभयो ।

# घलेगाउँका घरबास पर्यटकले खचाखच

लमजुङ, १७ पुस : बहोलासोथर गाउँपालिका-३ स्थित घलेगाउँका घरबास (होमस्टे) यतिबेला नववर्ष २०२४ मनाउन आएका पर्यटकले भरिभराउ छन् ।

समुद्री सतहबाट दुई हजार एक सय मिटरको उचाइमा रहेको प्राकृतिक छटाले भरिपूर्ण घलेगाउँ पर्यटकले भरिएको ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका कार्यालय सचिव दीर्घराज घलेले राससलाई बताउनुभयो । उहाँले भन्नुभयो, "विगतमा ४०-५० जना पर्यटक आगमन भइरहे पनि नयाँ वर्ष मनाउन आउने पर्यटक यतिबेला बढेका छन् । अहिले दैनिक तीन-चार सयको हाराहारीमा पर्यटक आएका छन् ।" तीन सय जनाको क्षमता रहेको घलेगाउँ घरबास सबै पर्यटकले भरिएर अन्य घर र होटलमा सारिएको उहाँले बताउनुभयो ।

घरबास सञ्चालक हेमकुमारी गुरुङकाका अुनसार अहिले घलेगाउँका घरबास सञ्चालकलाई भ्याइनभ्याई छ । उहाँले पर्यटक आउने अहिलेको याममा प्रतिघरबासले रु. ५० हजारभन्दा बढी आम्दानी गर्ने गरेका जानकारी दिनुभयो ।

विसं २०५७ देखि सञ्चालनमा भएको घरबास यहाँ बढेर अहिले ४२ घरबास पुगेको छ । पर्यटकको सत्कारसँगसँगै घरबासमा आफ्ना कला, वेशभूषा, संस्कार, संस्कृति जोगाइराख्न जुटेका उनीहरूको जातीय पहिचानसहित सांस्कृतिक नृत्यसमेत प्रस्तुत हुने गरेका छन् । विसं २०६२/६३ को जनआन्दोलनपछि देशमा गणतन्त्र स्थापना भएसँगै गठन भएको संयुक्त सरकारको परराष्ट्रमन्त्रीस्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमुना ग्रामीण पर्यटन गाउँका रूपमा घोषणा गरेको थियो ।

घलेगाउँबाट आठ हजार एक सय ६३ मिटरको मनास्लु हिमाल, सात हजार आठ सय ३५ को ङादीचुली (डा. हर्क हिमाल), सात हजार नौ ३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो)लगायत धेरै हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँ आउने पर्यटकलाई घरबास सञ्चालकले गाउँघरमै उब्जाइएका धान, मकै, कोदो, भटमास, साग, सिस्नो, स्थानीय कुखुरा, खसीबोका, भेडाको मासुबाट तयार हुने स्वादिष्ट परिकार पस्कने गरेका छन् ।

आफ्ना कला संस्कृति जोगाइराख्न जुटेका गुरुङसेनीको जातीय पहिचानसहित कृष्ण चरित्र, लामा, सोरठी, घ्याब्रे, पच्चु, झ्याउरे, चुट्का, झाँक्री, सेर्गालगायतका लोपोन्मुख सांस्कृति नृत्यसमेत प्रस्तुत गरी गाउँमा आएका पर्यटकलाई स्वागत, सम्मान र बिदाइमा सेतो टीका, फूलको माला, गुच्छा र खादा चढाइन्छ । विभिन्न परम्परागत नृत्य प्रस्तुत गर्नु घलेगाउँवासीको परम्परा नै हो । घलेगाउँमा प्रतिव्यक्ति एक रातको रु. एक हजार दुई सय ५० शुल्क लिइन्छ ।

# चिसो याममा पनि बिक्दैनन् बख्खु र काम्ला

ढोरपाटन (बागलुङ), १७ पुस । "हाम्रो पालामा अहिलेको जस्तो कपडाहरू पाइँदैनथ्यो, खुट्टामा जुत्ता चप्पल लगाउने चलन थिएन, ऊनको कपडा ओढेर चिसो छल्ने गर्थ्यौं, घरपिच्छे मान्छेहरूले घुम, काम्लो, भाङ्ग्रा बुन्थे तर अहिले कसैले पनि बुन्दैनन्, बुने पनि बिक्री नै हुँदैन," भन्नुहुन्छ, निसीखोला गाउँपालिका-६ का ७४ वर्षीय वीरमान बुढामगर । उहाँ अहिले पनि प्राय:जसो भेडाकै रौँबाट बनेका कपडा प्रयोग गर्नुहुन्छ । पहिले जोडमा न्यानो र गर्मीमा शीतल हुने हुँदा ऊनकै कपडा बढी प्रयोग हुन्थे तर हिजोआज गाउँघरमा पनि सबै प्रकारका कपडा आउन थालेपछि परम्परादेखि चलनचल्तीमा आएका भेडाका रौँका कपडा कम प्रयोग हुने गरेको उहाँको भनाइ छ ।

भेडापालक किसान घट्दै गएकाले तिनको भुत्लाबाट बन्ने कपडा पनि निकै कम मात्रामा उत्पादन हुँदै आएको छ । पहिले गाउँका हरेक व्यक्तिमा काम्लो, भाङ्ग्रालगायत कपडा बुन्ने सीप थियो तर अहिले थोरैले मात्र कपडा बुन्ने काम गर्दै आएको बुढामगर बताउनुहुन्छ । दिनप्रतिदिन बजारको सुविधा गाउँमा पनि पुग्न थालेसँगै गाउँका मौलिक संस्कृति ओझेलमा पर्दै गएको र युवा पुस्ताले ऊनबाट बनेका कपडा प्रयोग गर्नाको साटो विदेशी महङ्गा कपडा लगाउन खोज्ने गरेको उहाँको भनाइ छ ।

ढोरपाटन नगरपालिका-९ की बिनु पुनमगर अहिले पनि फुर्सदमा तिनै भुत्ला बाटेर कपडा बनाउने गर्नुहुन्छ । घर्किंदो उमेरमा पनि उहाँ निकै आकर्षक कपडा बुन्ने गर्नुहुन्छ । तर धेरै समय लगाएर तयार भएका कपडा बिक्री भने नहुने पुनमगरको गुनासो छ । एघार वर्षको उमेरदेखि आमा, हजुरआमा र छिमेकीहरूबाट कपडा बनाउन सिक्नुभएका उहाँ डेढ दशक अगाडिसम्म निकै व्यापार हुने गरे पनि अहिले एउटा पनि बिक्री गर्न नसकेको बताउनुहुन्छ ।

"हाम्रो जमानामा अहिलेको जस्तो लुगा पाउन मुस्किल हुन्थ्यो, गाउँघरमै बनाएर लगाउने गरिन्थ्यो, जसरी भए पनि जाडो छेक्न पाए हुन्थ्यो, एकपटक बजारबाट ल्याएको कपडा वर्षौंसम्म लगाइन्थ्यो तर अहिले त गाउँगाउँमा लुगा पसल आए, जतिबेला किने पनि भयो, जस्तो किने पनि भयो", पुनमगर भन्नुहुन्छ, "उतिबेला अहिलेको जस्तो सुविधा थिएन, एक जोर कपडा किन्न हजारौँ खर्च गरेर बजार पुग्नु पर्थ्यो, त्यसबेला धेरै काम्लो, बख्खु र भाङ्ग्रा बिक्री हुन्थे अहिले ती कपडा कसैले पनि किन्दैन, कहिलेकाहीँ विदेश जानेले मात्र रहर गरेर लैजान्छन् ।"

पश्चिम बागलुङको माथिल्लो क्षेत्रमा यदाकदा ऊनका कपडा देखिन्छन् । यस क्षेत्रमा बस्ने अधिकांश मानिस भेडापालन गर्ने हुँदा ऊनका कपडा बढी लगाउने गर्थे । एकै परिवारले हजारौँ भेडा पाल्ने हुँदा तिनका भुत्लाबाट कपडा बनाउने गरिन्थ्यो । पछिल्लो समय युवा पुस्ताले सहर बजार र विदेश रोज्न थालेपछि भेडापालन नै सङ्कटमा पर्ने डर बढेको छ । वर्षौं पहिलेदेखि पुस्तान्तरण हुँदै आएको भेडापालनमा अहिले कमी आएको छ । अहिले पनि माथिल्लो खर्कहरूमा पुग्दा भेडाका बथान भेटिन्छन् । भेडापालन गर्ने अधिकांश बूढापाका नै हुन्छन् । भुत्लाबाट बनेको हापदुला, काम्लो, बख्खु, घुमलगायत कपडाले वर्षाबाट ओत दिनाका साथै हिउँमा जाडो छेक्ने गर्मीमा घाम छेक्ने हुँदा निकै उपयोगी मान्छिन् ।

तमानखोला गाउँपालिका-३ का भीमबहादुर रोका अहिले पनि भुत्लाबाट धेरै थरीका कपडा बनाउनुहुन्छ । सयौँको सङ्ख्यामा भेडा पाल्नुभएका उहाँ हिउँदमा बेँसी र बर्खामा लेकमा बिताउने गर्नुहुन्छ । लेक-बेँसीमा बस्दा रोका फुर्सद निकालेर काम्लो, हापदुला र बख्खु बुन्नुहुन्छ । गाउँघरमा बिक्री नहुने कपडालाई उहाँ विदेश पठाउने गर्नुहुन्छ । एउटा बख्खुको रु. २० हजारदेखि ४० हजारसम्म पर्छ । पहिले-पहिले वर्षमा १५/२० वटा काम्लो, बख्खु र भाङ्ग्रा बेच्ने गरेकामा अहिले चारपाँचवटा पनि बिक्री नहुने रोका बताउनुहुन्छ ।

# ठगी गर्ने 'मेनपावर' सञ्चालक पक्राउ

काठमाडौँ, १७ पुस । आकर्षक तलबसहित वैदेशिक रोजगारीका लागि युरोपमा पठाइदिने जनाउँदै रु. १९ लाख ६० हजार ठगी गरेको आरोपमा प्रहरीले मेनपावर सञ्चालकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मार्स नामक मेनपावरका सञ्चालक काभ्रेको पनौती नगरपालिका-१ का ४१ वर्षीय जयराम पौडेल रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउ परेका पौडेलले पदमकुमारी श्रेष्ठसहित दुई जनालाई वैदेशिक रोजगारीको लागि युरोप पठाइदिने र त्यसको लागि रु. बीस लाख लाग्ने प्रलोभन देखाएका थिए । पक्राउ परेका पौडेलले युरोप पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाई रु. तीन लाखभन्दा धेरै तलब हुन्छ भनी विश्वास दिलाई प्रलोभनमा पारी निज पीडितबाट पटक-पटक गरी जम्मा रु. १९ लाख ६० हजार ठगी गरेको जनाइएको छ ।

पक्राउ परेका पौडेललाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचलमा पठाइएको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो । आकर्षक तलबमा विदेश पठाइदिन्छु भनेकै भरमा कसैलाई पनि रकम नदिन पनि प्रहरीले आग्रह गरेको छ ।

। सम्पादकीय ।

# ‘विकासको दशक’ बनाउन भ्रष्टाचार अन्त्य गर्नुपर्छ

प्रधानमन्त्री पुष्पकमल दाहालले केही दिनअघि राष्ट्रको नाउँमा सम्बोधन गर्दा ‘विकासको दशक’ बनाउने, ‘उज्यालो देश’ बनाउने, सरकारको कार्यशैली बदल्ने र हरेक कुरामा क्रमभङ्ग गर्ने उद्घोष गरे । उज्यालो देश बनाएर विकासको दशक बनाउने यो मुलुक कुशासन र भ्रष्टाचारको अखडा मात्र होइन सङ्गठित अपराधीहरूको थलो बनिरहेको दृष्टान्तले प्रमको भनाइलाई कतै गिज्याइरहेको त छैन ? देशको केन्द्रीय विमानस्थल टनका टन अवैध सुन भित्रिने, अवैध विदेशी मुद्रा, मानव तस्करी, लागूऔषध ओसारपसार गर्ने केन्द्र बनिरहेबाट थाहा हुन्छ, यो वर्ष विकासको दशक बन्दैन । देशका उद्योग तथा कलकारखाना, उद्योग विदेशी उद्योगपतिहरूको हातमा सुम्पिने र विकासको नाउँमा अकुत सम्पत्ति कमाउन पल्केका सत्तारुढ र ठूला दलका नेता, मन्त्री र सांसदहरूको चर्तिकलाले देश कसरी विकासको दशक बन्ला ?

नेपाल अझै साक्षर देश बनेको छैन । साक्षर देश बनाउने सपना उहिल्यै बुनेको थियो । सरकारी लक्ष्यअनुसार पहिले नै देश साक्षर मुलुक बन्नुपर्ने थियो । तर, त्यो अहिलेसम्म पूरा भएको छैन । विकासको नाउँमा पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउनेहरूमा सत्तारुढ र ठूला दलका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि र कार्यकर्ताहरू नै मुछिएका छन् । ठूला ठूला योजनाहरू आफ्नो हातमा पार्न अरूले ठेक्का लिन नसक्ने प्रावधान राख्ने पनि सत्तारुढ र ठूला दलका नेता र सांसदहरू परेका छन् । सत्तारुढ दलका नेता, मन्त्री र सांसदहरूले विकासको दशक होइन सात पुस्तालाई पुग्ने गरी भुँडी भर्ने काम गरिरहेको अर्थविद् र राजनीतिक विश्लेषकहरूको विश्लेषण गलत होइन । विकासको योजना हातमा लिने, ठेक्का बाँड्दै हिँड्ने, सन्तुलित विकासभन्दा सत्ताधारी सांसदकेन्द्रित बजेट बनाएर दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्ने देश के विकासको दशक बन्ला ?

आफ्नो पालामा देशभर बत्ती पुऱ्याएर देश उज्यालो बनाउने प्रम दाहालको सपना पनि कल्पनाको धुनमा नाच्ने नाच पो हुने हो कि ? बिजुली देशको सबै गाउँ बस्तीमा पुगेको छैन । नेपालको गाउँ बस्तीमा विद्युत् पुऱ्याएर उज्यालो बनाउनुको सट्टा सरकारले सस्तोमा भारतलाई बेचिरहेको छ । बिजुली देशभर पुऱ्याएर उज्यालो मात्र बनाउने होइन देशलाई विद्युतीकरण गर्नु खाँचो छ । गाउँ-गाउँ र बस्ती-बस्तीमा बिजुली नपुऱ्याउँदै भारतलाई बेचेर देश कसरी उज्यालो हुन्छ ? देशलाई उज्यालो बनाउन सरकारले भारतलाई होइन नेपालीलाई सस्तोमा बिजुली वितरण गर्नुपर्छ । गाउँ-गाउँमा बिजुलीबाटै घरेलु उद्योगहरू विकास गरेर, बिजुलीबाटै खानेकुरा पकाउन सक्ने गरी विद्युत् आपूर्ति गर्नुपर्छ । बिजुलीबाटै स्वदेशमै रासायनिक मल कारखाना सञ्चालन हुने गरी स्थापना गर्नुपर्छ । के प्रम दाहालको कार्यकालमा देशको कुना कुनामा र बस्ती बस्तीमा बत्ती पुग्छ ?

सरकारको कार्यशैली बदल्ने रे ! कार्यशैली बदल्ने भन्नुको अर्थ अहिलेको सरकारको कार्यशैली स्वयं सरकारलाई चित्तबुझ्दो छैन भन्ने अर्थ लाग्छ । सरकारको अर्को कार्यशैली भनेको के हो ? राष्ट्रको नाउँमा सम्बोधन गर्दा त्यो कुरा किन प्रस्ट पारिएन ? के यो प्रम दाहालको लोकाचार होइन ? आकर्षक र मीठो कुरा फुकेर प्रम दाहालले कहिलेसम्म झूटको राजनीति गरिरहने ? आश्वासन दिएर जनतालाई झुलाउने ? पटकपटक सरकारको नेतृत्व गरिसकेका सत्तारुढ दलहरूले हिजो किन विकासको दशक देखेनन् ? देश उज्यालो बनाउने योजना सरकारले बुन्नु पर्दैन ? विकासको दशक बनाउन भ्रष्टाचार अन्त्य गर्नुपर्दैन ? विकासमा चुहावट रोक्नु पर्दैन ? सन्तुलित विकासको आधार तयार गर्नुपर्दैन ?

# वैचारिक उपनिवेशीकरणका लागि शिक्षा नीति

✍ प्रभात पटनायक

साम्राज्यवादीहरू खालि हतियार र अर्थतन्त्रमार्फत तेस्रो विश्वका देशमाथि आफ्नो वर्चस्व थोपर्दैनन्, विचारबाट पनि आफ्नो वर्चस्व थोपर्ने गर्छन् । साम्राज्यवादीहरू आफूले चाहेकै शैलीमा पीडितहरूले संसारलाई हेरुन् भन्ने भन्ठान्छन् । त्यसैले, तेस्रो विश्वका देशहरू वास्तवमै स्वतन्त्र बन्नु छ भने बुद्धि वा सोचमाथिको औपनिवेशीकरण तोड्नुपर्छ र साम्राज्यवादीहरूको बिगारभन्दा पर गएर सत्य खोज्नुपर्छ । इतिहासमा उपनिवेशवादविरोधी मुक्ति सङ्घर्ष यस विषयमा स्पष्ट थियो । वास्तवमा चेतनामा घाम लागेपछि नै सङ्घर्ष सुरु हुन्छ । उपनिवेशवादबाट राजनीतिक (औपचारिक) रूपमा मुक्त हुँदैमा साम्राज्यवादी शोषण टुङ्गिन्न । नवस्वतन्त्र पूर्व उपनिवेशहरूले शिक्षा नीतिमार्फत लगातार साम्राज्यवादका झूटा अवधारणाहरूको खण्डन गर्नुपर्छ ।

यसका लागि भारतीय शैक्षिक संस्थाहरूको पाठ्यसामग्री र पाठ्यक्रम साम्राज्यवादी देशका शैक्षिक संस्थानहरूको भन्दा फरक हुनु जरुरी छ । मानविकी र समाज विज्ञानको हकमा त यो अनिवार्य नै छ । यी विषयमा औपनिवेशिक इतिहास नबुझी देशको वर्तमान अवस्था बुझ्न सकिन्न । साम्राज्यवादी देशका विश्वविद्यालयहरूले सावधानीपूर्वक यी सम्बन्धहरू लुकाउने गर्छन् । तेस्रो विश्वका देशहरूको अविकसित हुनुको कारण भनेर तिनीहरू असान्दर्भिक कारकहरूतिर औँला सोझ्याउँछन् । तिनीहरू अल्छिपन, उद्यमशीलताको अभाव, अन्धविश्वास र ‘सबभन्दा ठूलो समस्या’ अचाक्ली जनसङ्ख्यालाई दोष दिन्छन् । प्राकृतिक विज्ञानको हकमा समेत तेस्रो विश्वका विश्वविद्यालय स्तरका पाठ्यसामग्री र पाठ्यपुस्तकहरू साम्राज्यवादी देशका विश्वविद्यालयजस्ता हुनसक्दैनन् । आइन्स्टाइनको सिद्धान्त वा क्वान्टम फिजिक्सका नियमहरूमा साम्राज्यवादी सोच हुन्छ भनेर यस्तो दाबी गरिएको होइन । बरु, किन गरिएको हो भने तेस्रो विश्वको वैज्ञानिक चासो साम्राज्यवादी देशहरूको चासोसँग मिल्नु नै पर्छ भन्ने हुँदैन । यो विचार बेलायती वैज्ञानिक तथा मार्क्सवादी विद्वान जेडी बेर्नालको हो । उनी बिसौँ शताब्दीका एक मुर्धन्य हस्ती थिए ।

तेस्रो विश्वका विश्वविद्यालयहरूको पाठ्यसामग्री र पाठ्यक्रम साम्राज्यवादी देशका विश्वविद्यालयसँग मेल खानुपर्छ भनी विश्वास गर्नु आफैँमा साम्राज्यवादी वर्चस्वको सिकार हुनु हो । भारतमा राज्यनियन्त्रित अर्थतन्त्रको अवधिमा लागु गरिएको शिक्षा नीतिमा यो कुरालाई ध्यानमा राखिएको थियो । त्यस बखतको शिक्षा व्यवस्थामा अनेक स्वाभाविक समस्याहरू देखिए तापनि त्यो शिक्षा नीतिको भिजन वा सोच नै गलत थियो भन्न मिल्दैन ।

नवउदारवादी अर्थनीति लागु गर्न थालेपछि दृश्य नै बदलियो । भारतका ठूला पुँजीपतिहरूको लगनगाँठो विश्व वित्तीय पुँजीसँग जोडियो । भारतका उच्च मध्यमवर्गका युवाहरूले बहुराष्ट्रिय कम्पनीहरूमा जागिर खोज्न थाले । भारतको विकासलाई विदेशी बजारमा मालसामान निर्यात गर्न, देशमा विदेशी वित्त आकर्षित गर्न र विदेशी प्रत्यक्ष लगानी भित्र्याउनमा निर्भर पारियो । सरकारको उच्च ओहोदामा बसेका अधिकारीहरूले समेत भारतका लागि पुनः इस्ट इन्डिया कम्पनी स्थापना गर्नुपर्ने विषयमा छलफल चलाउन थाले । नवउदारवादी अर्थतन्त्रको युग सुरु भएसँगै विश्वव्यापी वित्तीय पुँजीको वर्चस्व सुरु भयो । यो पुँजीलाई ( भूमण्डलीकृत वा) वर्चस्ववादी विज्ञतन्त्र चाहिने हुनाले त्यस्तो विज्ञतन्त्रलाई तालिम दिन जोड अब विश्वभरि नै चल्ने एकैनासको शिक्षा प्रणालीमा दिन थालियो । त्यो शिक्षा प्रणाली साम्राज्यवादी देशहरूमा निर्माण हुनु स्वाभाविक मात्र नभई आवश्यक थियो ।

यो शिक्षा बुद्धिलाई उपनिवेशीकरणबाट मुक्त गर्ने होइन कि पुनः उपनिवेशीकरण गर्ने शिक्षा व्यवस्था थियो । यो उद्देश्य पूरा गर्न भारतीय काङ्ग्रेस नेतृत्वको यूपीए सरकारले अनेक प्रसिद्ध विदेशी विश्वविद्यालयलाई भारतमा शाखा खोल्नका लागि निम्तो दियो । केही भारतीय विश्वविद्यालयलाई तिनकै शैलीमा विकास गर्न ‘अनुकूलन’ गर्न भन्यो । अक्सफोर्ड, हार्वर्ड र क्याम्ब्रिजलाई यही उद्देश्यले भित्र्याइएको थियो । तिनलाई भारतीय पाठ्यसामग्री र पाठ्यपुस्तक पढाउन बोलाइएको थिएन, बरु तिनले स्वदेशमा जे गर्छन् त्यही गराउन भारतमा डाकिएको थियो । भारत र साम्राज्यवादी देशका विश्वविद्यालयहरूको पाठ्यसामग्री र पाठ्यपुस्तक मिलान गर्ने प्रक्रिया अघि बढाउन यो विचार आएको थियो । भारतीय विश्वविद्यालयहरूमा पहिले वैचारिक उपनिवेशीकरणबाट मुक्त गर्ने प्रयास थालिएको थियो, त्यसबाट ठीकविपरीत काम सुरु भयो । वास्तवमा भारतीय मानव संसाधन विकास मन्त्रीले संसद्मा खुलेरै भारतमा हार्वर्ड शिक्षा दिलाउनुको उद्देश्य साफ शब्दमा बताए । त्यो शिक्षा लिन भारतीय विद्यार्थी विदेश जान नपरोस् भनेर भारतमा हार्वर्ड शिक्षा दिइएको उनले लुकाएनन् । यूपीए सरकारले थालेको यो काम भाजपा नेतृत्वको एनडीए सरकारले जोडतोडका साथ अघि बढायो । उसले अङ्गीकार गरेको राष्ट्रिय शिक्षा नीतिले भारत र साम्राज्यवादी देशको शिक्षामा एकरूपता ल्याउने विचारमाथि लालमोहर लगायो । यसको अर्थ भारत र साम्राज्यवादी देशका विश्वविद्यालयहरूले एउटै पाठ्यसामग्री र पाठ्यक्रम लागु गर्ने भए ।

एकरूपता ल्याउनको लागि एनडीए सरकारले दुइटा पाइला चाल्यो । एक, साम्राज्यवादी भाष्यविरुद्ध शिक्षा दिएर विश्वको ध्यान खिचिरहेका विश्वविद्यालयहरूलाई कमजोर पार्दै लग्ने । निश्चय नै जवाहरलाल विश्वविद्यालय, हैदरावाद केन्द्रीय विश्वविद्यालय, जादवपुर विश्वविद्यालय आदि यसका उदाहरण थिए । दोस्रो पाइला, विश्वविद्यालय अनुदान आयोग (यूजीसी) मार्फत दबाब दिएर भारतीय विश्वविद्यालय तथा विदेशी विश्वविद्यालयहरूबिच सम्झौता गराउने । भारतीय विश्वविद्यालयका विभिन्न सङ्कायका पाठ्यपुस्तकलाई विदेशी विश्वविद्यालयको नक्कलमा सीमित पार्ने पाइला चालियो । यी सम्झौतामा सामान्य खटपट मात्र देखिन्छ । ‘यूजीसी’ वैदिक गणितजस्ता केही सामग्री वा विषयलाई भारतीय विश्वविद्यालयको पाठ्यपुस्तकमा राख्नुपर्नेमा अड्डी लिन्छ । विदेशी विश्वविद्यालयहरू उसको अडानमा सधैँ सहमत हुँदैनन् ।

पक्कै पनि समयक्रममा यी बहसहरू पनि किनार लाग्नेछन् । त्यसबेला भारतीय विश्वविद्यालयहरूको पाठ्यसामग्री र पाठ्यक्रम नवउपनिवेशवाद एवम् हिन्दुत्वको माग पूरा गर्ने गरी खिचडी खालको बन्न पुग्नेछन् । त्यो दिमागी उपनिवेशीकरण हुनेछ र त्यसमा ‘प्राचीनकालमा हाम्रो देश कति महान् थियो’ भन्ने मुलम्मा चढ्नेछ । साम्राज्यवादले यस्ता कुरामा विमति नराख्ला । आधुनिक साम्राज्यवाद पुँजीवादको विकासको सिलसिलामा बनेको हो । यसले शोषणकारी व्यवस्थाको रङमा नभई भारतजस्ता देशमा सभ्यता फैलाउने मिसनका साथ अघि बढेको दयालु व्यवस्थाको रङमा आफ्नो मकुन्डो रङ्ग्याएको छ । यी देशहरूको अविकासलाई साम्राज्यवादी शोषणसँग नजोडेसम्म प्राचीन कालमा जे भएको थियो त्यसमा साम्राज्यवादले चासो लिने छैन । साम्राज्यवादी विश्वविद्यालयसँग पाठ्यक्रम मिलान गरेपछि कम्तीमा साम्राज्यवादको उदारवादी खेमाले आपत्ति जनाइरहने भएन । गोरो वर्चस्ववादको वकालत गर्ने अति दक्षिणपन्थी साम्राज्यवादीहरूको कुरा फरक हुने भइहाल्यो ।

वैचारिक औपनिवेशीकरण ल्याउने अर्को तरिका पनि छ । समाज विज्ञान तथा मानविकी सङ्कायलाई फितलो पार्दै तिनलाई निष्प्रभावी विषयमा झार्ने अथवा तिनलाई व्यवस्थापन तथा लेखाजस्ता सपाट ‘रोजगारमूलक’ विषयले विस्थापित गरेर ‘समाजको बारेमा प्रश्न नगर’ भन्ने । यसमा हिन्दुत्ववादी तथा कर्पोरेट जगत दुवैको स्वार्थ गाँसिएको छ । किनभने, दुवैलाई कोरा आत्मकेन्द्रित र समाज विकासको सिलसिलाबारे फिटिक्कै प्रश्नै नगर्ने विद्यार्थी चाहिएको छ । आजभोलि यही प्रवृत्ति मौलाइरहेको छ ।

वैचारिक उपनिवेशीकरण गर्ने शिक्षा व्यवस्था कर्पोरेट-हिन्दुत्व साँठगाँठको प्रतिबिम्ब हो । (भारतमा अहिले यही गठजोडको राजनीतिक वर्चस्व छ ।) कर्पोरेटहरू यस्तै उपनिवेशीकरण चाहन्छन् । इतिहासमा हिन्दुत्ववादीहरूले कहिल्यै पनि उपनिवेशवादविरोधी सङ्घर्षमा उत्रिने पाउकष्ट गरेनन् । उनीहरूले कहिल्यै राष्ट्र निर्माणको अर्थ बुझेनन् । उनीहरूले कहिल्यै साम्राज्यवादको भूमिका र अर्थ बुझेनन् । तसर्थ,उनीहरूले कहिल्यै औपनिवेशिक विमुक्तिको खाँचो महसुस गरेनन् । प्राचीन भारतको महानताको भजन जपेरै उनीहरूले तुष्टि लिइरहे । बेलाबखत

बाँकी पृष्ठ ६ मा

सन्दर्भ

\- सागर

# शिक्षामा गरिने बदनियतको परिणाम सकारात्मक नहुने

शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरले वर्षौँदेखि रिक्त मावि तहको स्थायी शिक्षक पदपूर्तिको लागि गत पुस ८ गते विज्ञापन आह्वान गरेको छ । देशका सातवटै प्रदेशबाट कुल ४३६ रिक्त पदको लागि विज्ञापन भएकोमा विज्ञान विषय १२४, गणित ८५, अङ्ग्रेजी ७९, नेपाली ६७, सामाजिक ५३, अर्थशास्त्र ७, कार्यालय सञ्चालन तथा लेखा १५, संस्कृत व्याकरण ३ र कम्प्युटर विज्ञान ३ रहेको छ ।

रिक्त दरबन्दी समयमै पदपूर्ति हुनुपर्थ्यो; ढिलो भए पनि पदपूर्ति हुँदै छ भन्ने विज्ञापन आह्वानले शिक्षामा सकारात्मक सन्देश सञ्चार भएको छ । तर, यतिकै आधारमा विद्यालय तहको शिक्षण स्तर बढ्ने भयो भने उत्साहित भइरहाल्नुपर्ने स्थिति छैन किनभने ४३६ पद त केवल रिक्त पद मात्र हुन् । विद्यालयको आवश्यकताको आधारमा विज्ञापन आह्वान गर्ने हो भने ५० हजारभन्दा बढी पदको विज्ञापन हुनुपर्थ्यो ।

विद्यालय तहमा शिक्षक दरबन्दीबारे अध्ययन गर्न केही वर्षअघि पूर्व शिक्षा सचिव महाश्रम शर्माको संयोजकत्वमा सरकारले एक कार्य दल गठन गरेको थियो । उक्त कार्यदलले सरकारलाई बेलैमा प्रतिवेदन पनि बुझायो तर सरकारले उक्त रिपोर्ट सार्वजनिक गर्ने आँट गरेन । यद्यपि, अनौपचारिकरूपमा प्रतिवेदनको सार सार्वजनिक भएको छ । बताइएअनुसार कार्यदलले देशभरमा विद्यालयको आधारमा ६२ हजारभन्दा बढी शिक्षक आवश्यक भएको औँल्याएको थियो ।

यसैबिचमा केही रिक्त शिक्षक पदपूर्ति भए पनि अझै पचासौँ हजार शिक्षक आवश्यक छ । जहिलेसम्म आवश्यकताको आधारमा शिक्षक दरबन्दी थप गरिँदैन तहिलेसम्म रिक्त पदपूर्तिको टालटुलले सिकाइको स्तर उठिहाल्ने अपेक्षा गर्न सकिँदैन । यद्यपि, नहुने मामाभन्दा कानो मामा निको, रिक्त हुनुभन्दा पदपूर्ति हुनु राम्रै मान्नुपर्छ ।

रिक्त पदपूर्तिमा पनि जालझेल हुने गर्दछ । कुनै निश्चित ठाउँमा रिक्त पदको विज्ञापन नगरी अन्यत्र विज्ञापन खोल्दा विज्ञापन नखोलेको ठाउँका शिक्षकहरू आफ्नो घरपायकभन्दा धेरै टाढा टाढाको विज्ञापनमा आवेदन दिन बाध्य हुनुपरेको छ । यसको ज्वलन्त उदाहरण यसअघि शिक्षक सेवा आयोगले काठमाडौँ उपत्यकामा कुनै पदमा नखोल्दा उपत्यकाका शिक्षकहरू उपत्यका बाहिरका जिल्लाहरू आवेदन दिन बाध्य भएका थिए । परिणामतः उपत्यकावासी शिक्षकहरू उपत्यकाबाहिर जान बाध्य भए । यो कुनै संयोगले मात्र हुन गएको मानिँदैन बरु योजनाबद्ध तरिकाले नै बदनियतका साथ भएका भनेर पनि हेरिएको छ ।

शिक्षामा गरिने यस्तो बदनियतको परिणाम सकारात्मक हुनेछैन । समाजका सम्पूर्ण धमिलो स्थितिलाई सङ्लो पार्ने साधन नै शिक्षा हो । शिक्षामै धमिलो कदम चालिन्छ भने त्यसको परिणाम पनि धमिलै हुने निश्चित छ । कहीँ कसैबाट बदनियत नहोस् !

# गोली खान विदेश जानुपर्छ र ?

रेमिट्यान्सले देश चलाइरहेको नेपाल सरकारले दक्षिण कोरियाबाट रेमिट्यान्स पठाउन पाउँ भन्नेहरूलाई गोली हानेर हत्या गरेको छ । गोली नै हान्नुपर्ने स्थिति थिएन तर गोली हानेरै सत्तामा पुगेको माओवादी नेतृत्वको शासनमा त्यो सामान्य कुरा हो ।



पाठक पत्र

majdurdaily@gmail.com

रुसबाट रेमिट्यान्स पठाइरहेका नेपालीहरू पनि धेरै मारिएको र थुप्रै घाइते भएको समाचार अहिले पत्रपत्रिकामा छ्यापछ्याप्ती आइरहेको छ ।

केही समय पहिले इजरायलबाट रेमिट्यान्स पठाइरहेका नेपाली पनि मारिएका थिए ।

यसरी रेमिट्यान्स पठाउनेहरूको कतै गर्मीले, कतै कामको बोझले र कतै गोली खाएर मर्नु नेपाली युवाहरूको नियति बनेको छ । तर, गोली, भोक, उपचार अभाव, बोक्सीको आरोप, साहुकारको यातना, सहकारीको ठगीबाट मर्न र आत्महत्या गर्न नेपालमै वातावरण छ, विदेश नै जानुपर्छ र ?

सन्दर्भ, विश्व शान्तिका बाधक नाटोलाई रोक्न रुसले गरिरहेको युद्धमा नेपाली मारिएको विषय अहिले चर्चित छ । नेपालीहरू बेलायती र भारतीय सेनामा भर्ती हुन पाउने तर अरु देशको सेनामा भर्ती हुन नपाउने हल्ला खुबै भइरहेको छ । ‘गुर्खा’ हरू बहादुर छन् रे । ती बहादुरलाई धेरैले ‘भाडाका सिपाही’ पनि भन्छन् । ‘भाडाका सिपाही’ कुनै पनि देशको लागि लड्न सक्छन्, केबल पैसा चाहिन्छ । त्यसैले, बेलायती सेनामा भर्ती भएका ‘गुर्खा’ हरू नेपालको कूटनीतिक सम्बन्ध भएको मित्र राष्ट्र अर्जेन्टिनाविरुद्ध फोकल्यान्डमा लड्न पुगे, भारतीय सेनामा भर्ती भएका ‘गोर्खा’ हरू छिमेकी मित्र राष्ट्र चीनविरुद्ध लड्न पुगे । भोलि ती ‘गुर्खा’ र ‘गोर्खा’ हरू नेपालविरुद्ध लड्न आउने त होइनन् ? त्यसैले, गोर्खा भर्ती केन्द्र खारेज गर्न देशभक्त नेपालीहरूले आवाज उठाउँदै आएका छन् । तर, हिजो राजदरबारले सुनेन र आज सिंहदरबारले पनि सुनेको छैन । *मूर्खहरू ठेस लागेर उत्तानो नपरेसम्म चेत्दैनन्, सल्लाह-सुझाव त भालुलाई पुराण हो ।*

बेलायती र भारतीय सेनामा मात्र भर्ती हुन पाउने भन्नेहरूले नेपाली सेनालाई विदेशीको झन्डा बोकाएर आक्रमण गर्न पठाउन हुन्छ कि हुँदैन ? यसको पनि जवाफ दिनुपर्छ । संरा अमेरिकाको झन्डा बोकाएर नेपाली सेना हाइटीमा आक्रमण गर्न गएकोलाई तिनीहरू के भन्छन् ? हिजो इराकमा हमला गर्ने अमेरिकाको पक्षमा काम गर्ने नेपालीहरूलाई लहरै राखेर गोली हानिएको थियो । अनि आक्रमण गर्न जाने अमेरिकी युद्ध विमानलाई त्रिभुवन विमानस्थल प्रयोग गर्न दिन खोज्नेलाई कसरी लिन्छन् ? हाम्रो असंलग्न परराष्ट्र नीति, विश्व शान्तिको पक्षधर भनिएको नेपालका सरकारहरूले देशको हुर्मत लिएको छ ।

यसरी इराक, इजरायल, रुसलगायत युद्धग्रस्त क्षेत्रमा सस्तो ज्यामी र भाडाका सिपाही बनाएर पठाउने म्यानपावरहरूलाई काँधमा बोकेर हाम्रा सरकारहरू विदेशी भूमिमा नेपाली मरेपछि ‘गोहीको आँसु’ झारेर के प्रदर्शन गर्न खोजेका हुन् ?

**- आदित्य, भक्तपुर ।**

# पहिलो भ्रमण

## असोज १०-२६, २०४८ (26 Sept. - 12 Oct., 1991)

# कोरिया पुनःएकीकरणको निम्ति अन्तर्राष्ट्रिय विशाल पदयात्रा - ३

✍ का. रोहित

**नाम्पो नगरपालिकाको स्वागत समारोह (*१७ असोज, २०४८/3 Oct.,1991*)**

यस दिन कोरिया एकीकरण पदयात्राबारे प्रेस सम्मेलन थियो । त्यसमा अन्तर्राष्ट्रिय एकीकरण समितिका पदाधिकारीहरू र अन्य विदेशी प्रतिनिधिमण्डलका प्रमुख व्यक्तिहरूले भाग लिए ।

हामी नेपाली प्रतिनिधिहरू प्योङ्याङबाट दिउँसो २ बजे नाम्पो भन्ने सहरतिर लाग्यौँ । नाम्पो सहरमा हामी ३ बजे पुग्यौँ । नाम्पो पनि सारियोन र कैसोङजस्तै फराकिला राम्रा सडक र भवनहरू भएको आधुनिक सहर हो । शिक्षा, स्वास्थ्य, खेलकुद, साना-ठुला उद्योग आदि क्षेत्रमा राम्रो बन्दोबस्त सबैजसो सहरमा देखेँ । सरसफाइमा कोरियाली नगरहरू सार्है अगाडि देखेँ र प्रदूषणको हिसाबले कोरियाली नगरहरूलाई आदर्श नगर भन्न सकिन्छ । कलकत्ता, बम्बई, दिल्ली, बनारस, पटना, कराँची, बैङ्कक आदि एसियाका मैले डुलेको नगरहरूको तुलनामा कोरियाली सहरहरू धेरै सफा र प्रदूषणमुक्त छन् ।

राजधानी प्योङ्याङको ५५ किलोमिटर पश्चिम समुद्र किनारस्थित नाम्पो एक बन्दरगाह सहर हो । पश्चिमी कोरियाली समुद्र किनारमा रहेको नाम्पो सहरलाई प्योङ्याङको पश्चिमी ढोका पनि भन्ने चलन छ । राजधानीको तायडोङ नदीको किनारै किनारा पश्चिमतिर लाग्दा नाम्पो पुगिन्छ ।

कोगुरो राजामहाराजाहरूको ऐतिहासिक स्मारक र चिहानहरू भएको यो क्षेत्र इस्पात, ठुल-ठुला यन्त्रहरू (भारी मेसिन), बिजुलीका सामानहरू बनाउने कारखानाहरूले भरिएका छन् । रङ्गशाला, विविध खेलकुदका भवनहरू, पौडी खेल्ने आधुनिक पोखरीहरू आदि सुविधाहरू भएको यो क्षेत्र वास्तवमा कोरियाका खेलकुदका केन्द्रहरूमध्ये एक रहेछ ।

नाम्पोको ठीक १५ किलोमिटर पश्चिममा प्रजग कोरियाको एक गौरवशाली रचनात्मक उपलब्धि पश्चिमी समुद्री बाँध अवस्थित छ ।

दृश्यावलोकनपछि हामी एउटा सभा भवनमा गयौँ । स्वाभाविकरूपले कोरियाका सभा भवनहरू ठुलठुला र भव्य छन् । एकीकरण पदयात्राका सहभागीहरूलाई नाम्पो नगरपालिकाले स्वागत अभिवादन गर्न एक समारोहको आयोजना गरेको थियो । त्यस समारोहमा मैले पनि नाम्पोका नागरिकहरूलाई सम्बोधन गर्ने अवसर पाएँ ।

स्वागत समारोहपछि हामी रात्रिभोजमा भाग लिन गयौँ । साँझ ७ बजिसकेको थियो । भोजमा अर्थात् कोरियाली खानामा समुद्रमा पाइने माछा मासुको परिकार जरुरै हुन्थ्यो भने पनि हुन्छ । गङ्टो, साख्ला वा तिलौरी, योमरी आदि अन्य देशका होटलहरूमा नपाइने परिकारहरू हामीले पायौँ ।

होटेलको बन्दोबस्तमा कुनै प्रकारको कमी र अप्ठेरो महसुस भएन, तर निश्चय पनि हरेक होटलका आफ्नै विशेषताहरू हुन्थे ।

**पश्चिमी समुद्रको बाँध** (१८ असोज, २०४८/4 Oct., 1991)

बिहान ८ बजे हामी पश्चिमी समुद्री बाँध हेर्न गयौँ । नेपालजस्तो भूपरिवेष्ठित देशका जनतालाई समुद्र र समुद्र किनार भनेपछि मनमा एउटा सन्तोष र पीडाको मिश्रित भाव उत्पन्न हुनु स्वाभाविक नै थियो । साथै समुद्र, त्यसको छाल र त्यसबाट हुने क्षतिबारे भने ज्ञान नहुनु पनि स्वाभाविक हो । तर, कोरियाली जनताका महान् नेता का. किम इल सङको नेतृत्वमा कोरियाली जनसेना र जनता मिलेर समुद्रका डरलाग्दा छालहरूसँग जुध्दै साँच्चै भनूँ भने समुद्री राक्षसलाई बाँधेर अर्थात् त्यसबाट हुने क्षतिलाई पराजित गरेर जनतालाई मुक्त गरे र सुखी जीवनको निम्ति आवश्यक सहुलियतहरू प्रदान गरे ।

पश्चिमी समुद्रको बाँधको उँचो धरहरामा पुगेर हेर्दा साधारण र रमणीय ठाउँको जस्तो मात्रै लाग्दथ्यो । तर, भित्र भिडियोद्वारा त्यस निर्माण कार्यको मेहनत, खतरा, बन्नुभन्दा पहिले त्यस ठाउँको दृश्य, त्यसबाट देश र जनतालाई हुने फाइदा हेरेपछि र बुझेपछि त्यसको महत्त्वलाई बुझ्न पाउँदा खुसी लाग्यो ।

दुई प्रान्तलाई पुलले जोड्ने, रेल र मोटरको बाटोबाट आवतजावत हुने, समुद्रको नुनिलो पानीलाई रोक्ने, तायडोङ नदीको बाढीलाई रोक्ने र अञ्चललाई सिँचाइ गर्न र जल यातायात तथा अन्य उत्पादन कार्यलाई समेत सहयोग पुग्ने त्यस योजनाको बहुउद्देश्यीय कार्य साँच्चै महत्त्वपूर्ण कुरा थियो । यी सबै कुरालाई दिवाभोजमा का. किम इल सङले सारमा भन्नुभएको मैले बुझेँ ।

१९८१ मई महिनामा यसको निर्माण सुरु भएको थियो र १९८६ मा पूरा भयो । पाँच वर्षको युद्धस्तरीय कार्यमा १ करोड ५० लाख क्युविक मिटर माटो पन्छायो भने १ करोड ६० लाख क्युविक मिटर ढुङ्गा र गेगर ओसारियो । ४५० किलोमिटर लामो तायडोङ नदी यही आएर मिल्छ । त्यस नदीको मुख ८ किलोमिटर चौडा छ, दर्जनौँ मिटर गहिरो छ । यसमा जम्मा सरकारले ४ अर्ब वन अर्थात् २ अर्ब डलर (करिब १ खर्ब ने.रु.) खर्च गऱ्यो । त्यसको डिजाइन (खाका) प्रविधि, सामान र कोसिस सबै कोरियाली जनताकै रहेछ । त्यसले कोरियाली जनताको आर्थिक र सांस्कृतिक जीवनमा ठुलो परिवर्तन ल्याउन मद्दत गऱ्यो ।

१३२ किलोमिटर लामो त्यस बाँधले तायडोङ नदीमा समुद्री छालको कारण नुनिलो पार्ने जग्गा सुरक्षित भयो, दसौँ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुग्यो, दुई प्रान्तको बिचमा पुल, रेल, मोटर सडक र पैदल हिँड्ने पेटी बन्यो, उद्योग र खानेपानीको त्यस क्षेत्रमा दुःख भएन, उद्योग र कृषिक्षेत्रलाई त्यस नहरले जोड्यो, सामान बोक्ने जहाज तायडोङ नदीसम्म पुग्न सकिने भयो । विभिन्न किसिमका मत्स्यपालनमा तायडोङ नदी र बाँधले बनेका अन्य तालहरूलाई मनग्य सहयोग पुऱ्यायो ।

यी सबै कुरालाई ध्यानमा राखेर २२ मई १९८६ मा का. किम इल सङले लेख्नुभएको थियो, "आत्मनिर्भरता र उत्साहको क्रान्तिकारी भावनाबाट हाम्रा जनताले बनाएको पश्चिमी समुद्री बाँध एक ठुलो निर्माण कार्य हो । यस बाँधको निर्माताहरूलाई गौरव प्राप्त छ ।"

राष्ट्रपति किम इल सङले २४ जून १९८६ को दिन रातो फित्ता काटेर पश्चिमी समुद्री बाँधको निर्माणको पूर्णताको घोषणा गर्नुभयो र कोरियाली मजदुर पार्टी र जनताको रचनात्मक शक्ति र लगनशीलताको एक नमुना प्रस्तुत गरिदिनुभयो ।

यसरी नै विश्वको दोस्रो जलसम्पदामा धनी भएको हाम्रो देश नेपालले हाम्रा नदीनालाहरूलाई ठाउँ ठाउँमा बाँध बनाएर नहर, बिजुली, यातायात, उद्योग, खानेपानी र मत्स्यपालन आदि कार्यमा लगाउन सक्यो भने हाम्रो मातृभूमिले आत्मनिर्भरता र गौरवको सास फेर्न सक्ने थियो । एक वर्षको ठुलो लगानीले समेत ५ वर्षको बाढी, पहिरो, सुख्खा र अभावबाट हुने क्षतिलाई बचाउन सकिन्थ्यो । एक वर्षको लगानी अर्को वर्षको उत्पादन वृद्धि, क्षतिबाट हुने बचाउ र अन्य फाइदा स्वयं नाफामा परिणत हुने थियो ।

**वनसानमा**

पश्चिमी समुद्री बाँध हेरिसकेपछि हामी वनसान भन्ने समुद्र किनारमा पुग्यौँ । १० बजेको थियो । नाचगान र मनोरञ्जनका कार्यक्रमहरू राखिएको थियो । आँखामा पट्टि बाँधेर घैँटो फुटाल्ने, तीनखुट्टे दौडजस्ता विभिन्न किसिमका खेलहरूमा विभिन्न देशका सहभागी र कोरियाली मित्रहरूले भाग लिएका थिए ।

ती खेलबाट मैले आफ्नो विद्यार्थी जीवनलाई सम्झेँ । कोरियाली युगल नाचमा ताल र सुर नबुझेर मुख रातो भएको अनुभव भयो । बालुवै बालुवा मात्रै भएको समुद्री किनारमा यसप्रकारको समारोहमा मैले पहिलोचोटि भाग लिएको थिएँ ।

ती मनोरञ्जनका कार्यक्रममा भाग लिएका सहभागीहरूलाई नाम्पोका अधिकारी मित्रहरूबाट अनेक उपहारहरू प्रदान गरियो । त्यसमा मैले काठको एउटा लाटोकोसेरो, काठकै सानो भालु र काँचको सानो लाम्चो फूलदान उपहार पाएँ, जुन हाम्रो पार्टी अफिसको दराजमा सजाइएका छन् ।

१२ बजेतिर मनोरञ्जनको कार्यक्रम समाप्त भयो । हामी फेरि नाम्पो होटलमा गयौँ र गँगटो, ठूलो शङ्ख, सानो योमरीजस्ता परिकारहरू भएको खाना आश्चर्य मान्दै खायौँ ।

३ बजेतिर हामी प्योङयाङतिर लाग्यौँ । सफा र फराकिला सडकहरू नाघ्दै, खेत र खलिहान हेर्दै ५:३० बजे कोरियो होटल पुग्यौँ । रात्रिको खानापछि घरमा फोन गरेँ - कस्तो स्पष्ट, काठमाडौँबाट भक्तपुरमा फोन गरेजस्तै ।

**कुम्गाङ पहाडतिर (१९ असोज, ०४८/5 Oct. 1991)**

शनिबारको दिन बिहान ७ बजेतिरै हामीले नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य या नेपाली काङ्ग्रेसका प्रतिनिधि भीमबहादुर तामाङलाई नेपालको निम्ति बिदा गर्यौँ । मिलनसार, मृदुभाषी र सरल स्वभावका तामाङजी साँच्चै नबिझ्ने खालको पाएँ । उहाँसँग हाम्रो नौलो परिचय थियो । कम बोल्ने तर मनको पक्का मानिस हुनुहुँदो रहेछ । सँगै आएको हुँदा उहाँलाई एक्लै बिदा गर्दा मलाई सार्है नमीठो अनुभव भयो ।




त्यसपछि कार्यक्रमअनुसार हाम्रो बस प्योङ्याङबाट पूर्व हिँड्यो - लामा लामा सुरुङ सडकहरू छिचोल्दै । १२:१५ बजेतिर हामी २०० किलोमिटर पूर्वको वनसान भन्ने कोरियाली पूर्वी समुद्र किनारको बन्दरगाह सहरमा पुग्यौँ । बिचमा हामीले कोमुनमोरो भन्ने एक पहाडको काखमा आराम गयौँ । भनिन्छ, त्यहाँ १० लाख पुरानो प्राचीन युगका अवशेषहरू छन् । आराम गृहको अगाडि एउटा ताल छ- बडो रमणीय । सिनपाओङ आराम गृहमा चियापान गयौँ र त्यहाँ ठुलो सीसाको भाँडोमा ठुलो सर्प राखिएको रक्सी देख्यौँ । केही विदेशी मित्रहरूले त्यो रक्सी खाए । अलि गन्हाउने तर शरीरलाई ताजगी दिने भनियो । रक्सीका अनेक कथाहरू सुनेको छु तर सर्पको पनि रक्सी हुन्छ भन्ने कुरा कोरियामै पहिलोपल्ट सुनेँ ।

हामीले वनसानको कुम्गाङ भन्ने होटलमा खाना खायौँ । समुद्र किनारको त्यो होटल सार्है भव्य थियो । त्यस क्षेत्रमा होटलै होटल थिए । सिँगारिएको यस सहरलाई हेर्दा कोरियाले अब छिट्टै पर्यटन उद्योगको ढोका खोल्दै छ कि भन्ने लाग्दथ्यो । पहिलोचोटि त्यहाँ मैले ढुङ्गामा मासु पोलेर खाएँ, साथमा च्याउ, निउरो आदि साग थियो । खाना खाइसकेपछि हाम्रो बस सिधै दक्षिणतिर गयो ।

१०८ किलोमिटर समुद्र किनारै किनार जाँदा बिचमा फेरि एक आराम गृहमा बस्यौँ । बडो आश्चर्य लाग्यो, काँचो हलुवाबेद दिए एकजना कोरियाली मित्रले । तीतो र टर्रो हुने काँचो हलुवाबेद किन दिइन्छ भन्ने मनमा लाग्यो र मैले त्यसलाई रिकापीमै राखेँ । तर, अरु नेपाली साथीहरूले कपाकप खान थालेपछि मलाई अचम्म लाग्यो । मैले पनि खाएर हेरेँ - पाकेको हलुवाबेदभन्दा मीठो ।

६ बजे हामी कुम्गाङ पहाडमा पुग्यौँ । कोरियाली भाषामा त्यस ठाउँलाई कुम्गाङ सान भनिन्छ । कुम्गाङ ठाउँको नाउँ हो भने 'सान' को अर्थ पहाड हो । 'सान' शब्दको अर्थ चिनियाँ भाषामा पनि 'पहाड' नै हुन्छ । यसरी 'वान स्वे', 'सहचुई', 'कुन्छाचुई' क्रमशः 'जिन्दावाद', 'समाजवाद', 'साम्यवाद' भन्ने जस्ता शब्द र अर्थ चिनियाँ शब्दसँग मिल्दाजुल्दा रहेछन् ।

पहाडको काखैमा रहेको त्यो ठाउँ वास्तवमा सार्है रमाइलो र नेपाललाई सम्झाउने खालको थियो । होटल व्यवसाय वा पर्यटन उद्योगमा कोरिया हामीभन्दा अगाडि नै बढेको अनुभव गर्न थालेँ ।

**कुम्गाङ पहाडको चढाइ (२० असोज, २०४८/6 Oct., 1991)**

बिहान चिया खाएर हामी कुम्गाङ पहाड चढ्न कपडाको जुत्ता र लौरो लिएर तयार भयौँ । हाम्रो देशमा पनि ट्रेकिङ हुने गर्छ तर हामी कोरियामा ट्रेकिङ गर्दै छौँ ।

पहाड बिस्तारै चढ्दै र त्यहाँका विषयमा सुन्दै गयौँ । १००० किसिमका फूलहरू फुल्ने, ३६ किसिमका बाघ, भालु र अन्य पशुहरू र १६ किसिमका सर्पहरू त्यहाँ पाइन्छन् । त्यहाँको पानीमा माछा र कीरा फट्याङग्रा छैन । किन ? मलाई आश्चर्य लागेर त्यहाँका खोला र स-साना पानी जमेका ताल र पोखरीहरूमा आँखा गाडेँ । कुरो सत्य देखेँ । भनाइअनुसार सायद त्यो पानीमा माछा र कीरा फट्याङग्रा बाँच्दैनन् वा तिनीहरूलाई खानेकुरा त्यसमा छैनन् ।

त्यहाँ अनेक किंवदन्ती र परीकथाहरू पनि छन् । त्यहाँ ८ वटा झरना र ८ वटा स-साना ताल छन् । ती तालमा नुहाउन पहिले ८ परीहरू आउने गर्थे ।

त्यस्तै, त्यहाँ १२,००० पहाडका चुली थिए । तिनीहरूको नाम मौसमअनुसार फेरिँदै जाने रहेछ । विभिन्न मौसमका विभिन्न फूलहरू फुल्ने हुनाले त्यस फूलअनुसारको पहाडको नाम रहने हुनेरहेछ । 'हीरा पहाड', 'चराचुरुङ्गीको गीति पहाड', 'निलो पहाड' आदि ।

हामी आधा बाटो गइसकेपछि बिचैमा सुस्तायौँ । बाटोको बिचमा हाम्रो पाटीजस्तै चौताराहरू कोरियाली कलात्मक ढङ्गले बनाइएका छन् । द्वभाषी वा गाइड श्री यो हामीलाई त्यहाँको बारे भन्दै जानुहुन्थ्यो । उहाँ दोभाषे होइन, उहाँ नेपालमा धेरै वर्ष काठमाडौँस्थित प्रजग कोरियाको राजदूतावासको कन्सुलर हुनुहुन्थ्यो । उहाँको नेपाली भाषा मीठो छ ।

दिउँसो १२-१ बजेतिर हामी ओर्ल्यौँ र पहाडकै बिचको एक आकर्षक आरामगृहमा खाना खायौँ वा भोज खायौँ । बस्ती नभएको हुँदा त्यहाँ सबै कुरा तलको होटलबाट पुऱ्याइन्छ । त्यहाँ पनि ग्याँसको आगोबाट मासुमाछा पोल्दै अनेक प्रकारका परिकारहरू बनाउँदै खायौँ ।

४ बजेतिर होटल पुग्दा अलि अलि थाकेको पनि अनुभव भयो । नुहाइधुवाइपछि आराम गर्यौँ । तर, त्यस होटलमा साँच्चै कला प्रदर्शनी गरिएको भन्न सुहाउँछ । विभिन्न किसिमका चित्र र चित्रकारीहरू मात्रै होइन मूर्ति पनि बनाई बेच्ने गर्छ ।

जीउलाई हलुङ्गो बनाउने र सदा वसन्तजस्तो लाग्ने त्यो ठाउँमा ठुलठुला भवन हेर्दा नौलोपन अनुभव हुन्थ्यो भने पहाड, नदीनाला र जङ्गल देखेपछि आफ्नै नेपालजस्तो लाग्थ्यो । कुम्गाङ सान यात्राको दुई रातमा का. किम जोङ इलको 'पार्टी र सङ्गठन' बारेको रचना अध्ययन गरेँ ।

**प्योङयाङ फिर्ता (२१ असोज, २०४८/7 Oct., 1991)**

बिहान ८:३० बजे रमाइलो कुम्गाङ सानबाट बस प्योङयाङ फर्क्यो । फेरि दिउँसोको खाना खान हामी वनसान सहरको कुम्गाङ रेष्टुराँ पुग्यौँ । खाना खाइसकेपछि एक हुल राम्रा र दामी लुगा लगाएका युवा छात्रछात्राहरू देख्यौँ । तिनीहरू कलेज पोशाकमा थिए । तिनीहरू देखेर साँच्चै कोरियाली जनताको जीवनस्तर धेरै माथि उठेको हुनुपर्छ भन्ने हामीलाई लाग्यो । सोधपुछ गरेर हेर्दा तिनीहरू जापानका प्रवासी कोरियालीहरू थिए । थाहा भएअनुसार विदेशमा बस्ने कोरियालीहरूलाई प्रजग कोरियाले सांस्कृतिक स्तर उठाउन आर्थिक सहयोग दिइआएको रहेछ । केही बेरअगाडि एउटा जापानी जहाजबाट तिनीहरू आएका थिए ।

जाने समय भइनसकेको हुँदा माणिक दाइ र म पसलहरू हेर्न गयौँ । पसलमा विदेशी सामान खचाखच भरिएको थियो । स्नाक्स भन्ने नेपालमा ४-५ रूपैयाँको खानेकुरासमेत त्यहाँ एक दुई वन अर्थात् झन्डै एक अमेरिकी डलर पर्दोरहेछ । यसकारण, सामान भरिभराउ छ, तर किन्नेहरू छैनन् । किन ?

मलाई लाग्यो, रुसमा अर्थात् पूर्वसोभियत सङ्घमा विदेशी सामान पाइन्नथ्यो वा बेच्न दिइन्नथ्यो वा झिकाइन्नथ्यो । त्यस स्थितिले विदेशी वस्तुप्रति झन् मोह बढ्यो । कोरियाले विदेशी वस्तुलाई छेलोखेलो गराउँदा विदेशी वस्तुको मोह घट्ने मात्रै होइन आफ्नै देशको सस्तो सामानप्रति पनि गौरव अनुभव गर्ने होला भन्ने लाग्यो ।

बसले फेरि आफ्नो रफ्तार लियो । बिच-बिचमा रेस्टुराँ र आरामगृहमा चिया खाँदै लामा लामा सुन्दर सुरुङहरू छिचोल्दै ६:४५ मा प्योङ्याङको कोरियो होटल पुग्यौँ । यदि हामीले पनि पहाडमा नागबेली र घुम्ती सडकहरू नबनाई सुरुङ्गे 'उपाय लियौँ' भने काठमाडौँबाट हेटौँडा, चितवन, पोखरा वा जनकपुर पुग्न हामीलाई २- ३ घण्टामात्र लाग्ने होला भन्ने कल्पना गर्दै ओछ्यानमा पल्टेँ ।

**कोरियाली फिल्म स्टुडियो (२२ असोज, २०४८/8 Oct., 1991)**

बिहान ८ बजे हामी प्योङ्याङको उत्तर पश्चिम कुनामा अवस्थित कोरियाली फिल्म स्टुडियोमा पुग्यौँ ।

स्वागत गर्दै त्यहाँका अधिकारीहरूले त्यसको परिचय दिँदै गए- कोरियाली जनताका महान् नेता का. किम इल सङको निर्देशनमा १९४७ मा त्यस फिलिम स्टुडियोको स्थापना भएको हो र १९४९ मा पहिलो सिनेमा 'हाम्रो गाउँ' निर्माण भएको थियो । १९५०-१९५३ मा अमेरिकी साम्राज्यवादको आक्रमणले देशमा युद्ध भयो र स्टुडियोको कार्य भूमिगत हुँदै गयो र लडाइँपछि भवनहरू बन्न सुरु गरियो । १९७३ मा यस ठाउँमा स्टुडियोको नयाँ भवनहरू बन्न सुरु गरिएको हो । पहिले यो ठाउँमा ८ वटा कारखाना थिए । यस स्टुडियोको क्षेत्रफल अहिले १०० हेक्टरमा फैलिएको छ ।

अधिकारी महिलाले भन्दै गइन् - 'महान् नेता यहाँ ८ पटक आउनुभयो । विभिन्न किसिमका सिनेमा र अन्य निर्देशन दिन प्रिय नेता ३७० पटक आउनुभएको छ । कुराकानीबाट थाहा पायौँ, नेपाली भाषामा समेत अनुवाद भएको 'फूल बेच्ने केटी' भन्ने कथा का. किम इल सङले लेख्नुभएको रहेछ । त्यस फिल्मको निर्देशन का. किम जोङ इलले गर्नुभएको रहेछ । छलफलबाट थाहा पायौँ का. किम जोङ इल साहित्य र कलाहरूमा गम्भीर अध्ययन भएको र त्यसबारे उहाँले धेरै रचनाहरू लेख्नुभएको र निर्देशनहरू गर्नुभएको रहेछ ।

त्यस स्टुडियोमा जम्मा १४०० जना कलाकार र कामदारहरू काम गर्छन्, वर्षको ३० वटा सिनेमासम्म बनेका छन् । १९९२ को फेब्रुअरी महिनासम्म कोरियाको सबभन्दा प्रसिद्ध फिलिम 'हाम्रो राष्ट्र र हाम्रो भाग्य' को ३० भागको निर्माण भइसकेको छ ।

स्टुडियोको अनेक जानकारी लिइसकेपछि फिलिम खिच्ने खुला ठाउँहरू हेर्न गयौँ । ७ क्षेत्रमा विभाजित त्यो स्टुडियो जङ्गल, पुराना कोरियाली सामन्तहरू बस्ने दरबार, त्यसबेलाका गाउँ, मञ्चुरिया, जापान, युरोप, दक्षिण कोरिया, चीन, अस्पताल, सिनेमा हल, चिया पसल आदि ठाउँ र बजारका दृश्यहरू स्थायीरूपमा बनाइएका छन् । पुरानो कोरियाली समाज देखाउनुपर्दा ती दरबार र गाउँमा फिलिम खिचिन्छ । जापान, चीन, युरोप आदि देखाउनुपर्यो भने त्यहाँकै बजार वा घरहरू बनाइएको ठाउँमा फिलिम खिचिन्छ । युरोप देखाउनुपर्दा चर्चहरू वा गिर्जाघरहरू पनि देखाउन बनाइएका छन् भने मञ्चुरिया देखाउँदा वा उत्तरी कोरिया देखाउँदा छानामा ढुङ्गाहरू राखिएका घरहरू खिच्ने गर्छन् । हुरी बतास चल्ने हुँदा उत्तरी कोरिया र मञ्चुरियाका घरहरूको छानामा ढुङ्गा राखिएको देखिन्छ ।

'कोरियाको तारा' र 'राष्ट्रको तारा' जस्ता नयाँ नयाँ सिनेमा पनि बनिसकेको र त्यहाँ नदी-नाला, पहाड, विद्रोह, गुरिल्ला युद्ध गराउन जङ्गल देखाउने सबै ठाउँको बन्दोबस्त गरिएको छ । त्यहाँ एक नयाँ सिनेमाको निर्माण गर्न कलाकार र अरु मानिसहरू भेला भइरहेका थिए । सायद 'लिक चोङ' भन्ने कोरियाली किसान विद्रोहका नेताबारे फिलिम निर्माण भइरहेको थियो ।

त्यसपछि हामी सिनेमाको कसरी सम्पादन, काँटछाँट गरिन्छ, ध्वनि मिलाउँछ, बग्गी र घोडा चढेको दृश्य घरभित्रै कसरी खिच्छ वा मिलाउँछ आदि सिनेमाका प्रविधिसम्बन्धी कोठाहरूमा गएर हेर्‍यौँ । १९८० तिर सायद दक्षिण कोरियाको विद्रोह 'छन् हो ह्वान' भन्नेबारे एक सिनेमाको सम्पादन पनि हेर्‍यौँ ।

त्यहाँबाट बिदा लिएर हामी मोटरमा बस्यौँ, मोटर अगाडि बढ्यो । तर, नेपालमा आफ्नो कुनै ठुलो फिलिम स्टुडियो नबनेको र कहिले बन्ने हो भन्ने कल्पना गर्दै, मनमा कुरा खेलाउँदै थिएँ ।

*क्रमशः*



निकारागुवाको राजधानी मानागुवामा नयाँ वर्ष २०२४ को अवसरमा देशवासीहरूलाई सम्बोधन गर्दै राष्ट्रपति ड्यानियल ओर्टेगा (दायाँ र उपराष्ट्रपति रोसारियो मुरिल्लो (बायाँ) १ जनवरी २०२३ का दिन । सो अवसरमा राष्ट्रपति ओर्टेगाले आफ्नो देशको न्याय र समानतामा आधारित क्रान्तिकारी प्रक्रियालाई जारी राख्ने र विश्व बहुध्रुवीयताको मार्गमा अघि बढेसँगै निकारागुवालाई पनि त्यसैअनुकस्ल अगाडि बठाउने कुरामा जोड दिनुभयो ।

*तस्बिर : टेलेसुर*

# भारत पाकिस्तानसँग आतङ्कवादको विषयमा सम्झौता गर्न इच्छुक छैन : भारतीय विदेश मन्त्री

नयाँदिल्ली, २ जनवरी (एएनआई) । पाकिस्तानको सीमापार नीतिलाई भारतले अप्रासङ्गिक बनाएको छ । भारतीय विदेशमन्त्री जयशङ्करले आतङ्कवादको अभ्यासलाई वैध मानिएका शर्तहरूमा भारतले सम्झौता नगर्ने बताउनुभएको छ ।

एएनआईसँगको अन्तर्वार्तामा विदेश मन्त्री जयशङ्करले भारत पाकिस्तानसँग सम्झौता गर्न इच्छुक नरहेको बताउँदै आतङ्क र शत्रुतामुक्त वातावरण बनाउनुपर्ने उल्लेख गर्नुभएको छ ।

पाकिस्तानसँगको मोदी सरकारको दृष्टिकोणलाई उल्लेख गर्दै उहाँले सीमापार आतङ्कवादलाई नसहने बताउनुभएको छ ।

पाकिस्तानले दशकौं अघिदेखि भारतलाई टेबुलमा ल्याउन सीमापार आतङ्कवादको प्रयोग गरेको बताउँदै आफूले त्यस्ता विषय अप्रासङ्गिक बनाएको बताउनुभएको छ । पाकिस्तान आफ्नो नजिकको छिमेकी भएको स्वीकार गर्दै उहाँले पाकिस्तानले तयार पारेका शर्तहरूको आधारमा व्यवहार नगर्ने बताउनुभएको छ ।

भारतले गत वर्ष अगस्टमा पाकिस्तानसँगको सम्बन्धलाई सामान्यीकरण बनाउनका लागि आतङ्कवाद र शत्रुतामुक्त वातावरण आवश्यक रहेको बताएको थियो ।

मन्त्री जयशङ्करले एएनआईसँगको अन्तर्वार्तामा पाकिस्तानको भविष्य पाकिस्तानको आफ्नै कार्य र छनौटबाट निर्धारण हुने भन्दै छिमेकीको हैसियतले आर्थिक समस्याबाट बाहिर निस्कन आवश्यक रहेको बताउनुभएको छ ।

आर्थिक सङ्कटबाट गुज्रेको श्रीलङ्कालाई भारतले गरेको सहयोगको सन्दर्भ उल्लेख गर्दै श्रीलङ्कासँग एकदमै फरक सम्बन्ध भएको बताउनुभएको छ ।

पाकिस्तानको अवस्था तथा भविष्य धेरै हदसम्म पाकिस्तानकै क्रियाकलापले निर्धारण गर्ने जिकिर गर्दै उहाँले कोही पनि अचानक कठिन परिस्थितिमा नपुग्ने बताउनुभएको छ ।

पछिल्लो समयमा घट्दो, विदेशी मुद्रा सञ्चिति, उच्च मुद्रास्फीति तथा मुद्राको तीव्र अवमूल्यनलगायतका आर्थिक कठिनाइसँग पाकिस्तान जुधिरहेको छ ।

# नयाँ वर्षको पूर्वसन्ध्यामा गोलाबारी दुई जनाको मृत्यु : आठ अस्पताल भर्ना

लस एन्जलस, २ जनवरी (सिन्ह्वा) । नयाँ वर्षको पूर्वसन्ध्याको पार्टीमा सोमबार गोली चल्दा दुई जनाको मृत्यु भएको छ भने आठ जनालाई अस्पताल भर्ना गरिएको छ । लस एन्जलस प्रहरी विभागका अनुसार गोलीबारी स्थानीय समयअनुसार बिहान ०१ बजे एक गोदाम भवनमा आयोजित पार्टीको क्रममा भएको थियो । अधिकारी घटनास्थलमा पुग्दा, सडक तथा फुटपाथमा धेरै व्यक्ति सुतिरहेको देखिन्थे ।

एक पुरुष तथा एक महिलाको घटनास्थलमै मृत्यु भएको बताइएको छ । पार्टीका अपरिचित व्यक्तिबिच झगडा भएका कारण गोली हानाहान भएको सो विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ । गोलाबारीको घटनामा १० जनाको ज्यान थियो ।

विभागले घटनाका पीडित सबै नयाँ वर्षको अवसरमा पूर्वसन्ध्याको पार्टीमा सहभागी भएको बताएको छ ।

गोलीबारीका कारणबारे अनुसन्धान जारी रहेको बताउँदै घटनाको आशङ्कामा हालसम्म कसैलाई पनि पक्राउ नगरेको बताउँदै थप विवरण उपलब्ध गराउने आग्रह गरेको छ ।

## हार्दिक समवेदना



जन्म
२०१०

निधन
२०८०/०९/९

यस समूहका सदस्य चन्द्र शेखर कारञ्जितका पूजनीय पिता **इन्द्र बहादुर कारञ्जित**को असामयिक निधन भएको आज १० औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनले धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**असल मिश्रित कृषक समूह २०७६**
भक्तपुर

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ४८ पुग्यो



टोकियो, २ जनवरी (सिन्ह्वा) । मध्यजापानको इशिकावा प्रान्तमा गएको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या दिउँसो ३:३० सम्म ४८ पुगेको छ । इशिकावा, निगाता, फुकुई, टोयामा र गिफु प्रान्तमा थुप्रै घाइते भएको बताइएको छ । प्रधानमन्त्री किशिदा फुमियोले मङ्गलबार पत्रकार सम्मेलनमा सो अपडेट गराउनुभएको हो ।

“प्रभावित क्षेत्रमा भारी मेसिनरी पठाउन पनि गाह्रो बनाइरहेको छ । हामी मार्गहरू सुरक्षित गर्ने तरिकाबारे सोचिरहेका छौं र तीमध्ये जहाजहरू प्रयोग गर्नु एउटा विकल्प हुन सक्छ,” एनएचकेले प्रधानमन्त्रीलाई उद्धृत गर्दै उल्लेख गरेको छ । सोमबारदेखि जापानमा कम्तिमा एक सय ५५ वटा भूकम्पका धक्का अनुभव गरिएको छ ।

## विश्व सङ्क्षेप

### अफगानिस्तानको निर्यात सन् २०२३ मा करिब दुई अर्ब अमेरिकी डलर

काबुल, २ जनवरी (सिन्ह्वा) । सन् २०२३ मा युद्धग्रस्त अफगानिस्तानको निर्यात करिब दुई अर्ब अमेरिकी डलर पुगेको छ । उद्योग तथा वाणिज्य मन्त्रालयका प्रवक्ता अखुन्दजादा अब्दुल सलाम जवादले दिएको जनाकारीअनुसार गत वर्ष सन् २०२३ मा अफगानिस्तानको निर्यातको मात्रा १.९ अर्ब अमेरिकी डलर पुगेको छ ।

यसैगरी, सन् २०२२ मा निर्यातको मात्राको तुलनामा ४१ मिलियन अमेरिकी डलर (दुई प्रतिशतले) वृद्धि भएको निजी टेलिभिजन च्यानल टोलोन्युजले जावादलाई उद्धृत गर्दै मङ्गलबार उल्लेख गरेको छ ।

अधिकांश सामान पाकिस्तान, भारत, चीन, संयुक्त अरब इमिरेट्स, कजाकिस्तान र उज्वेकिस्तानमा निर्यात भएको अधिकारीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएको छ ।

यसअघि अफगानिस्तानको कामचलाउ सरकारका उद्योग तथा वाणिज्य मन्त्री नुरुद्दीन अजीजीले अफगानिस्तानले आफ्ना उत्पादन छिमेकी राष्ट्रलगायत ६० भन्दा बढी देशमा निर्यात गर्ने बताउनुभएको थियो ।

अफगानिस्तानका प्रमुख निर्यात हुने वस्तुमा कोइला, केसर, ताजा र सुख्खा फलफूल, हातले बुनेको गलैंचा, बहुमूल्य पत्थर धातुहरू रहेका छन् ।

### थुप्रै मिसाइल कीभतर्फ उड्दै

कीभ, २ जनवरी (एएफपी) । युक्रेनको वायुसेनाले मङ्गलबार राजधानी कीभतर्फ थुप्रै क्षेप्यास्त्रहरू उडेको बताएको छ । साथै रुसी बमवर्षकको धम्कीका कारण राष्ट्रव्यापीरूपमा हवाई सतर्कता तम्तयार पारिएको बताइएको छ ।

वायुसेनाले टेलिग्राममा सूचना जारी गर्दै आश्रय स्थलमा सुरक्षितरूपमा बस्न आग्रह गरेको छ । ‘धेरै मिसाइल तपाईंको दिशामा जाँदैछन्, सुरक्षित सचेत रहनुहोस्’ सूचनामा भनिएको छ ।

### इजरायल गाजा नरसंहारको आरोपमा संयुक्त राष्ट्रसङ्घीय अदालतमा उपस्थित हुने

जेरुसेलम, २ जनवरी (सिन्ह्वा) । इजरायलले गाजामा नरसंहार गरेको आरोपमा दक्षिण अफ्रिकाले इजरायलका विरुद्ध संयुक्त राष्ट्रसङ्घीय अदालतमा मुद्दा दायर गरेको छ । मुद्दाको सुनुवाइमा नेदरल्यान्ड्सको हेगस्थित संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय अदालत (आईसीजे) मा उपस्थित हुने निर्णय गरेको इजरायली समाचार वेबसाइट वाइ नेटले सोमबार उल्लेख गरेको छ ।

इजरायलले नरसंहारविरुद्धको महासन्धिमा हस्ताक्षर गरेको स्वीकार गर्दै इजरायली राष्ट्रिय सुरक्षा सल्लाहकार हानेग्बीले कारबाहीको बहिष्कार नगर्ने, तर उपस्थित भई आफूविरुद्धको षड्यन्त्रलाई अस्वीकार गर्ने बताउनुभएको वेबसाइटमा उल्लेख छ ।

प्रतिवेदनका अनुसार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको नेतृत्वमा वरिष्ठ अधिकारीबिचको छलफल अघि नै यो निर्णय लिइएको हो ।

शुक्रबार दायर गरिएको मुद्दामा गाजा स्ट्रिपमा प्यालेस्टिनीको नरसंहारको रोकथाम तथा सजायको महासन्धिअन्तर्गतको दायित्वको इजरायलले उल्लङ्घन गरेको अन्तर्राष्ट्रिय अदालत (आईसीजे) ले जनाएको छ ।

दक्षिण अफ्रिकाले संयुक्त राष्ट्रसङ्घीय अदालतलाई नरसंहार महासन्धिअन्तर्गत प्यालेस्टिनी जनताको अधिकारलाई गम्भीरताका साथ लिई थप क्षतिबाट जोगाउन प्रभावकारी उपाय अवलम्बन गर्न आग्रह गरेको छ ।

### भारत – पाकिस्तानले आणविक प्रतिष्ठान, कैदीहरूको सूची साटासाट

नयाँदिल्ली, २ जनवरी (सिन्ह्वा) । भारतले सोमबार पाकिस्तानसँग आफ्ना आणविक प्रतिष्ठानहरूको सूची साटासाट गरेको भारतीय विदेश मन्त्रालयले जनाएको छ ।

भारत र पाकिस्तानले नयाँदिल्ली र इस्लामाबादमा एकैसाथ कूटनीतिक च्यानलमार्फत आणविक प्रतिष्ठान तथा सुविधाको सूची आदानप्रदान गरको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

द्विदेशीय सम्झौताअनुसार प्रत्येक वर्षको जनवरीको पहिलो दिन सूची आदानप्रदान गर्ने गरिन्छ । भारत र पाकिस्तानबिच यस्तो सूची आदानप्रदान भएको यो लगातार ३३ औं शृङ्खला हो ।

यसै सन्दर्भमा दुवै देशले आ-आफ्नो क्षेत्रका कारागारमा रहेका कैदी तथा माछा मार्ने व्यक्तिको सूची पनि आदानप्रदान गरेको मन्त्रालयको उल्लेख गरेको छ ।

***वैचारिक...***

वैदिक जपना गर्ने साम्राज्यवादी विचारधारा फैलाउने शिक्षा व्यवस्था तिनको स्वार्थपूर्तिका लागि सुहाउँदो छ । आज भारतमा यही शिक्षा व्यवस्थाले तला थप्दै छ ।

कर्पोरेट-हिन्दुत्व साँठगाँठ खासमा नवउदारवादी सङ्कटको प्रतिक्रिया हो । सङ्कटको बेला आफ्नो वर्चस्व कायम गर्न कर्पोरेट पुँजीले हिन्दुत्ववादीहरूसँग साँठगाँठ गर्ने खाँचो महसुस गरेको हो । भारतको राष्ट्रिय शिक्षा नीति देशलाई अघि बढाउनुको साटो सङ्कट व्यवस्थापनका निम्ति चिन्तनलाई ध्वस्त पार्न उद्यत छ; जनतालाई प्रश्न सोध्न र सत्य खोज्नबाट पर राख्न उद्यत छ । मुट्ठीभर युवालाई रोजगारी दिएकैमा ‘रोजगारमूलक’ शिक्षा नीतिले नाक फुलाउँदै छ । वास्तवमा नवउदारवादको सङ्कटको अर्थ रोजगारी सङ्ख्या घट्नु हो । यससँगै अर्को सिलसिला सुरु हुन्छ । शिक्षा व्यवस्था बहुसङ्ख्यक विद्यार्थीको पहुँचबाट टाढिँदै जान्छ । तिनलाई शिक्षा दिनुको साटो तिनको दिमागमा असान्दर्भिक बहस चलाएर साम्प्रदायिक विष घोलिन्छ । यो बहसले भौतिक जीविकाको मूल विषय ओझेल पर्छ । यसरी ती युवाहरू फासीवादी गुन्डा दलका सम्भावित सस्ता लडाका बन्न पुग्छन् ।

भारतीय युवाहरू बेरोजगारी र मनोविकारले पिल्सिँदै छन् । यसर्थ, तिनीहरूले प्रश्न गर्नुअघिको लागि भारतको वर्तमान शिक्षा नीति सङ्क्रमणकालीन नीतिमात्र बन्न सम्भव छ ।

नवउदारवादी पुँजीवादभन्दा भिन्दै बाटोमा गएर विकासको विकल्प पत्ता लागेपछि भाजपा नेतृत्वको सरकारले ल्याएको शिक्षा व्यवस्थाभन्दा फरक शिक्षाको बाटो खोजिनेछ । उपनिवेशवादविरोधी मुक्ति सङ्घर्षको बेलामा जस्तो वैचारिक औपनिवेशीकरणबाट मुक्ति फेरि पनि महत्त्वपूर्ण मुद्दा बन्नेछ ।

***(एमआर अनलाइनबाट ।)***

***अनुवाद : सम्यक***

# बास्ना गुमाउँदै पोखरेली 'जेठोबुढो'

-जमुना वर्षा शर्मा

पोखरा, १७ पुस । "खेतका फाँटहरूमा धानको बाला लाग्न थालेपछि मगमग बास्ना आउँथ्यो, घरमा भात पकाउँदा बाहिरसम्म बसाउँथ्यो तर अहिले खै कता हरायो जेठोबुढोको बास्ना ?" पोखरा महानगरपालिका–२३ घाँटीछिनाका ५३ वर्षीय लोकबहादुर गुरुङले भन्नुभयो । "एउटा घरमा जेठोबुढो पकाउँदा टोलमै मगमग बास्ना आउँथ्यो । पहिला गाईवस्तुकै मलले खेतीपाती लगाउन पुग्थ्यो, तर अहिले बाहिरबाट रासायनिक मल भन्दै थुप्रै किसिमका मल आए । अहिले खेती गर्दा कमिला मार्ने औषधि, पोटास के हो के हाल्नुपर्छ सबै विषाक्तको प्रयोगले माटो नै मरिसक्यो । अनि अर्ग्यानिक स्वादकहाँ पाउनु ।"

कृषि सञ्जालका संयोजकसमेत रहनुभएका गुरुङले जेठोबुढोको बास्ना हराउनुमा वातावरण प्रतिकूलको असर, रासायनिक मलको प्रभाव र उन्नत जात (हाइब्रिड) धानको बीउ नै प्रमुख कारण भएको बताउनुहुन्छ, "तत्कालीन समयमा किसानलाई रैथाने स्वाद र बास्नाभन्दा धेरै फल्ने धानको बीउ अनुदानमा दिइयो । रासायनिक मल प्रयोग गर्न प्रेरित गरियो, किसान उत्पादन बढेकामा खुशी माने तर यता बास्नादार रैथाने जातका धानको बीउ मासिँदै गयो ।"

विषादीको प्रयोग बढे धानमात्र नभई स्थानीय तरकारी, फलफूलमा पनि उस्तै असर परेको उहाँको भनाइ छ । "किसानलाई सबैकुरा जानकारी नहुने भएकाले कृषि विज्ञहरूले यसको महत्त्व बुझाएर रैथाने बाली प्रवर्द्धनका कार्यक्रम ल्याउनुपर्थ्यो तर त्यो भएन", गुरुङले भन्नुभयो, "बुझाउनेहरूले राम्रोसँग बुझाएनन्, उत्पादन बढ्छ भन्ने बहानामा उन्नत जातको धानको बीउ प्रयोग गर्न लगाउँदा र अनेक विषादीको प्रयोग गर्न सिकाउँदा रैथाने बालीहरू लोप हुँदै गए, योसँगै पहिले गुर्दी गुरुडा, ठिमाहालगायत धानहरू पनि विस्थापित हुँदै गए ।" अहिले महानगर, जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लि–बर्ड) जस्ता संस्थाले रैथाने बाली प्रवर्द्धनको कार्यक्रम ल्याएर केही प्रवर्द्धनको पहल गरेको उहाँको भनाइ छ ।

पोखरा–१३ का किसान टेकनाथ बराल पनि प्रतिकूल वातावरण, रासायनिक मलको प्रयोग साथै मूलको पानीको अभावले जेठोबुढो धानको बास्ना हराउँदै गएको बताउनुहुन्छ, "पहिला मूलको चिसो पानीबाट सिँचाइ हुन्थ्यो, गाईवस्तुको मलले नै खेती लगाउन पुग्थ्यो तर अहिले वातावरण बदलिएको छ, धानका बीउ पनि मासिन थाले, धेरै फल्ने धान लगाउन थाले", बरालले भन्नुभयो । उहाँले आफूले जेठोबुढो प्रवर्द्धनका लागि लिबर्डको सहयोगमा सुधारिएको जेठोबुढो बीउ उत्पादन र बिक्री वितरण गरिरहेको बताउनुभयो ।

उहाँका अनुसार पोखरा आसपासका विभिन्न फाँटमा किसानले लगाएको जेठोबुढो धानमा एकरूपता थिएन । के कारणले विविधता आयो भन्ने विषयमा नेपाल कृषि अनुसन्धान परिषद् र लि–बर्डले तत्कालीन जिल्ला कृषि विकास कार्यालय मिलेर सातवटा फाँटबाट तीन सय ३८ वटा किसानबाट जेठोबुढो धानको नमुना सङ्कलन गरेर लगातार परीक्षण गरेको थियो । परीक्षणपछि सन् २००६ मा सुधारिएको पोखरेली जेठोबुढो नामाकरण गरियो । राष्ट्रिय स्तरबाट सूचीकृत नभए बिक्रीवितरण गर्न नपाइने भएकाले सूचीकृतपश्चात् यसको प्रवर्द्धनमा जिम्मेवारी लिएको छ । कृषि ज्ञान केन्द्र र पोखरा महानगरपालिकाले सिफारिस गरेका किसानलाई बीउ उत्पादनका लागि दिँदै यसको संरक्षण र उत्पादनमा पहल गरिरहेको उहाँको भनाइ छ । उहाँका अनुसार गत वर्ष एक हजारदेखि १५ केजी बीउको बिक्रीवितरण हुने गरेको थियो । उत्पादनका हिसाबले कम फल्ने पनि प्रतिक्विन्टल रु. नौदेखि १० हजारमा बिक्रीवितरण हुने भएकाले किसानको चाहना अझै पनि जेठोबुढोमा रहेको छ ।

महानगरपालिकाले जेठोबुढो धानको प्रवर्द्धनका कार्यक्रम ल्याएकाले यसको बास्ना हराए पनि लोप हुनबाट



जेठोबुढोको मागलाई ध्यानमा राखेर स्थानीय धानका जात संरक्षणमा जुटेको लि–बर्डले यो धान संरक्षणमा अगुवाइ गरेको सो संस्थाका वरिष्ठ कार्यक्रम अधिकृत इन्द्रप्रसाद पौडेल बताउनुहुन्छ । "पोखरा आउने पाहुनादेखि देश–विदेशमा समेत माग हुँदै आएको स्वादिलो जेठोबुढोको भातको बास्ना पहिलाजस्तो नभए पनि यो धानलाई लोप हुनबाट जोगाउन केही पहल भने भएका छन्," पौडेलले भन्नुभयो ।

अझ बढी चासो दिइएको उहाँको भनाइ छ ।

किसानको अनुभवमा बगिरहने चिसो पानीमा यसको गुणस्तर उच्च हुने भएको र पोखरा फेवाफाँटको जस्तो उत्पादन अन्तको फाँटमा नहुने उहाँको बुझाइ छ । पछिल्लो समय उन्नत जातले पेल्दै जाँदा र खेतीयोग्य जमिनमा चक्लाबन्दी हुन थालेपछि पनि यसको गुणस्तर ह्रास आएको उहाँ बताउनुहुन्छ ।

लि–बर्डले जेठोबुढो स्रोत बीउ जोगाउने पहल भइरहेको बताउँदै पौडेल भन्नुहुन्छ, "यस धानका बारेमा अनुसन्धान गरेर अझै कसरी विस्तार गर्न सकिन्छ भन्ने विषयमा अनुसन्धान जारी नै रहेको छ ।" पोखरा महानगरपालिकाले सुधारिएको पोखरेली जेठोबुढो पुरानो रैथाने जातको धानको २०६३ सालमा नेपाल सरकारले सूचीकृत गऱ्यो । सुरुआततिर जेठोबुढो मात्रै भनेर भनिए पनि अहिले यो जातको धानलाई पोखरेली जेठोबुढोको भनेर चिनिन्छ ।

पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनहर कडरिया पनि मगमग बास्ना आउने, लामो सीता भएको र खाँदा नरम हुने जेठोबुढोको विभिन्न कारणले बास्ना हराउँदै गएको बताउनुहुन्छ । पौडेल भन्नुहुन्छ, "यो धानको पहिला बास्ना धेरै आउने गर्थ्यो, कम फल्ने पनि मीठो बास्नासहित स्वादिलो थियो तर अहिले खेती गर्ने तौरतरिकामा फेरबदल, आयातित मलको प्रयोग, सिँचाइको अभावले यसको रैथाने स्वादमा प्रभाव पाऱ्यो ।"

प्रमुख कडरियाका अनुसार जेठोबुढोमा एकरूपता नहुँदा तीन सबभन्दा बढी जातबाट छनौट गरेर ६ वटा जातलाई सम्मिश्रण गरेर एउटा जात बनाइएको थियो । यसभित्र बास्ना आउने, कम बास्ना आउने, उत्पादन बढी हुने र घटी हुने, कोही अग्लो, कोही होचो, कोही रोग पनि सहन सक्ने सबै पर्दछन् । चिसो पानीमा कहींकतै अझै पनि बास्नादार जेठोबुढो फल्ने गरेको उहाँको भनाइ छ । उहाँले जेठोबुढोको महानगरपालिकाले 'ब्रान्डिङ' गरेर न्यूनतम समर्थन मूल्य तोकेपछि यसको महत्त्व झनै बढेको र अहिले पनि प्याकेजिङ र प्रशोधनमा सहयोग गर्न भनेर कार्यक्रम राखेको बताउनुभयो ।

अहिले ११ हजार दुई सय हेक्टरमध्ये ४० प्रतिशत जमिनमा जेठोबुढो लगाउने गरिएको पाइन्छ । पोखरामा करिब १५ मेट्रिक टन जेठोबुढो उत्पादन हुँदै आएको छ । छ सयदेखि नौ सय मिटरसम्मको उचाइमा खेती हुने यो धान प्रतिरोपनी तीन मुरीसम्म फल्ने गर्दछ । पोखरा र आसपासका किसानले परापूर्वदेखि लगाउँदै आएको यो धानमा व्यापक अनुसन्धानको खाँचो रहेको कडरिया बताउनुहुन्छ ।

तत्कालीन नगरप्रमुख मानबहादुर जिसीको कार्यकालमा पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममार्फत पोखरेली जेठोबुढो धानको ब्रान्डिङ गर्ने घोषणा गरेको थियो भने जेठोबुढो धान रोप्ने किसानलाई उत्पादनका आधारमा अनुदान दिने गरेको थियो । योसँगै जेठोबुढो धानको न्यूनतम मूल्य तोकेर महानगरले यो अभियानलाई व्यवहारमा उतारेको कडरियाले बताउनुभयो । अहिले महानगरले एक क्विन्टल जेठोबुढो धानको मूल्य नौ हजार पाँच सय तोकेको छभने केजी रु. ९५ तोकिएको छ ।

कडरियाका अनुसार पोखरेली ब्रान्ड जेठोबुढो उत्पादनमा किसानलाई आकर्षित गर्ने साथै यो जातको धानलाई जोगाइराख्ने हिसाबले धानको मूल्य निर्धारण गरिएको र व्यावसायिक हिसाबमै जेठोबुढो उत्पादन गर्न किसानलाई प्रोत्साहितसमेत गर्दै आएको बताउनुभयो । पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा ५० प्रतिशत अनुदानमा नौ टन जति जेठोबुढो धानको बीउ वितरण गरेको छ । जेठोबुढोको निकै विविधता भएकाले यसलाई कृषि अनुसन्धान विधिबाटै बास्ना आउने धानको बीउमात्र छुटाएर लगाउन सके यसको बास्ना कायम गर्न सकिने बताइएको छ ।

कृषि ज्ञान केन्द्र गण्डकी प्रदेशका प्रमुख किरण सिग्देलले पोखराको क्षेत्रमा प्रचलित जेठोबुढो सर्वत्र रुचाइएको भए पनि अहिले बास्ना हराएको गुनासो सर्वत्र आएको बताउनुभयो । उहाँले भन्नुभयो, "बास्ना घटे पनि यसको उत्तिकै माग भएको र खाद्यान्न प्रवर्द्धन आयोजनाबाट आएका किसानलाई छनौट गरेर जेठोबुढो बीए उत्पादनका लागि पनि पहल गर्दै आएका छौं ।" उहाँले जेठोबुढोको बारेमा औपचारिक रूपमै कृषि प्रणालीमार्फत अनुसन्धान हुन जरुरी रहेको बताउनुभयो ।

आयातित रासायनिक मलको प्रभावले जेठोबुढोको बास्ना हराएको हुनसक्ने विज्ञहरूको भनाइ छ । ऋषि कृषि खोज पाठशालाका अध्यक्ष रामचन्द्र बराल पनि जेठोबुढो स्वाद निकै मीठो भएर काँचै खाँदा पनि स्वाद आउने गरेकामा अहिले त्यसको स्वाद हराउँदै गएको बताउनुहुन्छ । उहाँका अनुसार रासायनिक मलको प्रयोगले क्रमश: माटोमा अम्लीयपन ल्याई बालीको गुण बिगार्नाका साथै विभिन्न नयाँ नयाँ रोगहरू देखिन थालेको हो । आयातित बीउलाई प्राथमिकता दिँदा रैथाने बीउ मासिँदै गएको र यसको असर जेठोबुढो धानमा पनि परेको उहाँको भनाइ छ ।

**रासस**

# युवाविहीन बन्दै हुम्लाका गाउँ

**दाने बोहरा**

सिमकोट (हुम्ला), १७ पुस । सङ्घ, प्रदेश र स्थानीय सरकारले युवाका लागि रोजगारीका कुनै कार्यक्रम ल्याउन नसकेपछि हुम्लाका पनि कतिपय पालिकाका गाउँनै रित्तिने गरी कामको खोजीमा युवा विदेशिएका छन् । उनीहरू धेरैजसो भारत जाने गरेका छन् ।

जिल्लाको दक्षिणी भेगमा रहेको अदानचुली गाउँपालिकाबाट पछिल्लो एक हप्तामा एक हजारभन्दा बढी युवा गाउँ छोडेर भारत प्रस्थान गरेका छन् । अदानचुलीमा कुनै काम नभएर युवा रोजगारविहीन भएपछि कामको खोजीमा गाउँ नै शून्य बनाउने गरी भारत लागेका हुन् । सहरका युवाले रोजगारको खोजीमा खाडी मुलुकका लागि हातमा पासपोर्ट लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लाम लागेजस्तै यता दुर्गम गाउँका युवा पनि लाम लागेरै दिनहुँ जसो छिमेकी मुलुक भारतको कालापहाड लागिरहेका छन् । अदानचुली गाउँपालिकाबाट मात्र दैनिक १० देखि १५ युवा भारतको कालापहाडलगायत सहरमा कामका लागि गाउँ छोड्ने गरेका छन् ।

हुम्लाको अदानचुली गाउँपालिकाका अधिकांश बस्ती युवाविहीन हुन थालेको नेकपा (एमाले) गाउँ कमिटीका अध्यक्ष बुध भण्डारीले बताउनुभयो । गाउँमा चरम आर्थिक मन्दी छाएपछि आफ्नो घरपरिवारलाई लुगाफाटो ल्याउन र केही रकम कमाउन सयौँ को सङ्ख्यामा अदानचुली गाउँपालिका र चङ्खेली गाउँपालिकाका युवा कालापहाड (भारत) जान थालेका भण्डारीले बताउनुभयो ।

यही पुस १० गते मङ्गलबार परेको कर्णाली क्षेत्रको स्थानीय चाड भैलो पूर्णिमा परिवारसँग मनाएपछि एक हजारको हाराहारीमा युवाले गाउँ छोडेको हुम्ला र बाजुरा जिल्लाको सिमानामा अवस्थित कावाडी प्रहरी चौकीले जनाएको छ । गएको एक सातामा गाडीमा र पैदल हिँडेर भारत जानेको सङ्ख्या निकै बढी देखिएको छ । कावाडी प्रहरीचौकीका एक सुरक्षाकर्मीले चेकजाँच गर्दा र सोधीखोजी गर्दा गाडी र पैदलमा गएका सबैले भारत जान लागेको बताएका जानकारी दिए ।

अहिले हुम्लाको दक्षिण क्षेत्रका गाउँबस्तीमा युवा विरलै भेटिने गरेको अदानचुली गाउँपालिका–२ का भक्त बुढाले बताउनुभयो । उहाँका अनुसार एक सातादेखि नयाँ अत्यावश्यक कामबाहेक अरू युवा गाउँमा भेट्न मुस्किल भएको स्थानीय बुढाले बताउनुभयो । गाउँमा एक वर्षयता पैसा कमाउने कुनै माध्यम नभएपछि अधिकांश युवा परिवारका सदस्यलाई एकसरो लुगाफाटोको जोहो गर्न बाध्य भएर भारत जानुपरेको बुढाको भनाइ छ । अहिले गाउँमा कोही बिते पनि लास उठाउने युवा पाउन मुस्किल भएको उहाँको



गुनासो छ ।

आफ्नो गाउँघरबाट मात्रै यही पुस १३ गते २३ जना तथा विभिन्न टोल भएको अदानचुली– २ बाट झन्डै सयको सङ्ख्यामा भारत गएका उहाँको भनाइ छ । हिउँदमा घरको काम पनि हुँदैन । विकास निर्माणको काम गरेर केही रकमको जोहो गर्ने गरेको यहाँका युवाका लागि एक वर्षयता कुनै विकास निर्माणका कामहरू ठप्प भए पनि झन्डै दुई दशकपछि पहिलोपटक यति ठूलो सङ्ख्यामा युवा विदेशिएका हुन् ।

लामो समयदेखि छिमेकी मुलुक नगएको यहाँका युवा दिनहुँ सयौँको सङ्ख्यामा छिमेकी मुलुक भारत गएका अदानचुली–५ का रामबहादुर छत्यालले बताउनुभयो । गाउँमा रोजगारीका काम नहुनु, गाउँपालिकाले भएका योजनाहरूको भुक्तानी प्रक्रिया समयमा पूरा नगर्दा फ्रिज हुनुलगायत कारणले अदानचुलीका युवाले हिउँदको आफ्नो कामको गन्तव्यका रूपमा भारतलाई रोजेका हुन् । घरमा बसौँ भने काछो ( गाउँको धार्मिक कामका लागि उठाउने रकम) उठाउने पैसा पनि नहुने भएपछि भारत जानुको कुनै विकल्प नपाएपछि धेरै लामो समयपछि अदानचुलीका युवाको रोजाइ कालापहाड बनेको हो ।

गएका वर्षहरूमा औषधि उपचार गर्न र केही अत्यावश्यक कामका लागि हरेक गाउँबाट बढीमा पाँच/सातजना कालापहाड जाने गरेको भए पनि यो वर्ष जानेको सङ्ख्या निकै वृद्धि भएको अदानचुली–२ को मष्टादेव आधारभूत विद्यालयका अस्थायी शिक्षक छप्की बुढाले बताउनुभयो । केही दिनअघि अदानचुली गाउँपालिकाले सामाजिक सुरक्षा भत्ताको रकम खातामार्फत भुक्तानी गरेपछि उक्त रकमले गाडी 'रिजर्भ' गरेर यहाँको युवाले दुई/तीन महिनाको गन्तव्यका रूपमा कालापहाड रोजेका हुन् । आफूसहित २२ जनाको समूहले एक बलेरो जिप बाजुराको मार्तडीसम्म रिजर्भ गरेर गएको र पुस १३ गते मात्रै पाँच सयको सङ्ख्यामा युवा कालापहाड लागेका भारत जान लागेका एक युवाले जानकारी दिए ।

कर्णाली कोरिडोरमा अस्थायी रूपमा चलेका जिपहरूमा प्राय: कालापहाड जाने अदानचुलीका युवा मात्रै भेटिने गरेका छन् । कुनै जिपले बेलुका अबेरसम्म पनि गाउँबाट युवा ओसारिरहेका हुन्छन् । आफूसँग गाडी भाडा नभएका दर्जनौं युवा बाजुराको मार्तडीसम्म राति हिँडेर पनि जाने गरेको बुढाले बताउनुभयो ।

अदानचुली–३ मकैं गाउँका अङ्कल रोकायाले गाउँभर खोज्दा पनि गाडी भाडा नपाएपछि पैदलै आफूसहित केही युवा बाजुराको मार्तडी पुगेको बताउनुभयो । "मसँगै गाउँका नैन रोकाया, खड्क रोकाया, बाँच्या रोकायासहितका १२ जनाको टोलीले जाने गाडी भाडा पनि नपाएपछि एक दिन एक रात हिँडेर बाजुरा सदरमुकाम मार्तडी पुगेका हौँ", फोनमा उहाँले भन्नुभयो, "बाटोमा सबै गाडी चढेर हिँड्ने, हामीमात्र पैदल हिँडेको देख्दा आफैंलाई लाज होला भनेर हामी घरबाट हिँडेदेखि रातदिन नभनेरै पैदल कुदेका हौँ । एक रात एक दिनमा मार्तडी पुग्यौं भने अब यहाँबाट नेपाल र भारतको सिमानामा पुग्न पनि त्यही दुई दिन एक रात लाग्छ कि जस्तो छ ।"

# चीनको समृद्धिले साम्राज्यवादी र पुँजीवादीहरू त्राहिमाम

ललितपुर, १७ पुस । विश्व सर्वहारावर्गका महान् गुरु अध्यक्ष माओको १३० औं जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिको आयोजनामा शनिबार ललितपुर महानगरको त्यागलमा अन्तरक्रियात्मक अध्ययन गोष्ठी भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एनबी श्रेष्ठले भन्नुभयो, "जनवादी गणतन्त्र चीनले आज संसारका प्राय: सबै देशका जनतालाई सहयोग गर्ने कार्य गरिरहेको छ । अमेरिकाको लागि चाहिने कुल आवश्यक वस्तुको पचास प्रतिशत चीनले पूर्ति गरिरहेको छ । व्यापारमा चीन नाफामा र अमेरिका घाटामा रहेको तथ्याङ्कले बताइरहेको छ । यो समाजवादी व्यवस्थाको देन हो । चिकपाका अध्यक्ष माओ त्सेतुङको बहुआयामिक व्यक्तित्वका कारण चीनको यो उन्नति सम्भव भएको हो । वर्तमान चीनको समृद्धि र विकासको आधारशीला अध्यक्ष माओले तयार गर्नुभएको हो । चीनको समृद्धि र जनहितको शासन प्रणालीले गर्दा साम्राज्यवादी देशहरू संरा अमेरिका, बेलायत, जापान र पुँजीवादी एवम् विस्तारवादी देश भारतलगायतका देशहरू त्राहिमाम बनेका छन् ।"

सभापतिको आसनबाट नेपाल मजदुर किसान पार्टी ललितपुरका अध्यक्ष राजवीर डंगोलले कम्युनिस्ट पार्टीभित्र क्रान्तिकारीहरू सबै समान हुन्छन्, तह र पदले तात्विक फरक पर्दैन, सहर र गाउँका नेता भनी भेद गर्नुहुन्न भन्ने मान्यता स्थापित गरिन्छ भन्नुभयो । "चीनको सांस्कृतिक क्रान्तिले विद्यार्थीलाई आलोचनात्मक दृष्टिकोण राख्न उत्साहित गर्‍यो । सहरी उच्च माध्यमिक तह उत्तीर्ण दसौँ लाख विद्यार्थीहरूलाई गाउँ फर्काउने वा कलकारखानामा पठाउने वातावरण मिलाई गाउँ वा उद्योगमा सेवा गर्न लगाउने कार्य सांस्कृतिक क्रान्तिमा भयो," उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सचिव नरेश महर्जनले अध्यक्ष माओले सन् १९६६ मा सुरु गर्नुभएको सांस्कृतिक क्रान्तिबारे जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जनवादी गणतन्त्र चीनको वर्तमान अवस्थामा पुर्‍याउने आधार अध्यक्ष माओले नै तयार गर्नुभएको हो । चीनको प्रगति कम्युनिस्ट व्यवस्थाले ल्याएको हो । प्रजातान्त्रिक वा पुँजीवादी देशमा गरिबी निवारण गर्ने लक्ष्य राखिएको हुन्छ तर कुनै देशले गरिबी निवारण गर्न सकेन । विश्वको धनाढ्य देश संरा अमेरिकामा प्रजातन्त्र स्थापना भएको ३ सय वर्ष भयो तर गरिबी निवारण होइन बढ्दै छ । प्रजातान्त्रिक देश भनिएको भारतमा ५० प्रतिशतभन्दा बढी जनता गरिबीको रेखामुनि छन् । यसले प्रजातान्त्रिक देश र समाजवादी देशको भिन्नता कतिको हुन्छ भन्ने कुरा प्रस्ट्याएको छ । चीनले गरिबी अन्त्य गरेको छ; सबै शिक्षित र एक न एक सीप सिकेका युवा तयार गरेको छ ।"

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले भन्नुभयो, "सन् १९६० को दशकमा चीनमा ठूलो आर्थिक सङ्कट आइपर्‍यो । माओले त्यसबेला सामान्यरूपमै जीवन यापन गर्नुभयो । अन्तत: सन् १९४९ अक्टोबर १ को दिन अध्यक्ष माओ त्सेतुङले जनवादी गणतन्त्र चीनको घोषणा गर्नुभयो ।"

कर्मचारी समाजका जीपी लासिवाले भन्नुभयो, "अध्यक्ष माओले जनताको सेवा गर्नमा कार्यकर्ताहरूलाई जोड दिनुभयो । हुनान किसान आन्दोलन, ताइपिङ विद्रोह, लामो हिँडाइ, गाउँबाट सहर घेर्ने नीति, अन्तर्राष्ट्रवादी भावना र वर्गीय चेतनाको विकासले विभिन्न सङ्घर्षलाई अगाडि बढाउन सकेकै कारणबाट चीन देश जापान, अमेरिका, बेलायत, फ्रान्सलगायतका साम्राज्यवादी देशको चङ्गुलबाट मुक्ति पाउन सकेको हो ।"

उहाँले भन्नुभयो, "अध्यक्ष माओको भनाइअनुसार सबै समस्याको समाधान पुस्तकबाट मात्र हुन्न, सङ्गठनमा सल्लाह र छलफलको आवश्यकता छ । फेरि क्रान्तिको बेला किताब च्यापेर बस्नु बेठीक हो । वर्गसङ्घर्षमा उत्रनु अनिवार्य छ । कम्युनिस्ट कार्यकर्तामा कम्युनिस्ट आचरण हुनु आवश्यक छ । सदा देश र जनताको सेवा गर्ने प्रवृति देखाउनु आवश्यक छ ।"

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य कवीन्द्र डंगोलले अहिले सी चिनफिङले अपनाउनुभएको बीआरआई (क्षेत्र मार्ग अगुवाइ), जीएसआई (विश्व सुरक्षा अगुवाइ) र जीडीआई (विश्व विकास अगुवाइ) जस्ता परियोजना अध्यक्ष माओकै आधारशिलामा तयार भएको हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ ललितपुरका अध्यक्ष अशोक महर्जनले माओ त्सेतुङले बाल्यकालदेखि नै गरिब जनताको पक्षमा कार्य गर्नुभई चीनमा समाजवादी क्रान्ति गर्न नेतृत्व प्रदान गर्नुभएको बताउनुभयो ।

कार्यक्रममा विद्यार्थी दीप महर्जन, लक्ष्मी बज्राचार्य, दिलमाया श्रेष्ठलगायतले माओको योगदानकै कारण आधुनिक चीनको उदय भएको, मार्क्सवादी विचारधारा अझ सशक्तरूपमा अगाडि बढ्न सकेको, समाजवादी व्यवस्था पुँजीवादी व्यवस्थाभन्दा राम्रो हो भन्ने स्थापित भएको बताउनुभयो ।

**योमरी...**

सम्पदा पदयात्रामा सहभागी सम्पूर्णमा धन्यवादज्ञापन गर्दै भक्तपुरका मूर्त अमूर्त सम्पदा संसारसामु चिनाउने अभियानस्वरूप भक्तपुर नपाले विभिन्न सांस्कृतिक गतिविधि गर्दै आएको बताउनुभयो ।

सन् २०२३ मा नेपालमा १० लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्य पूरा भएको बताउँदै उहाँले पर्यटकहरूको उत्साहजनक आगमनसँगै नेपालको पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव परेको बताउनुभयो ।

सम्पदा पदयात्राकै क्रममा भक्तपुरमा रहेका बहाबहीबारे विस्तृतमा अध्ययन गर्ने अवसर पनि मिलेको बताउँदै उहाँले पुरानो सांस्कृतिक सम्पदाबाट नयाँ पुस्ताको सेवा गर्ने उद्देश्यले भक्तपुर नपाले काम गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले भक्तपुर महोत्सवको अभ्यासको रूपमा सांस्कृतिक गतिविधिलाई निरन्तरता दिँदै आएको बताउँदै प्रमुख प्रजापतिले राजनैतिक कार्यकर्ताहरूले व्यक्तिगत स्वार्थलाई त्यागी देशको हितमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षण तथा यहाँको पहिचान जोगाउने सिलसिलाको रूपमा सम्पदा पदयात्रा कार्यक्रम आयोजना गरिएको बताउँदै उक्त कार्यक्रम आयोजनाले भक्तपुरमा रहेका बहाबही संरक्षणको लागि खाका प्राप्त भएको बताउनुभयो ।

बौद्ध दर्शनका अध्येता डा. पुष्परत्न शाक्यले बहाबहीको ऐतिहासिक पक्षमाथि प्रस्ट पार्दै नेवा: सभ्यता बचाइराख्न भक्तपुर नपाले आयोजना गरेको सम्पदा पदयात्रा प्रशंसनीय कदम भएको बताउनुभयो ।

भनपा पर्यटन सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले भक्तपुरमा रहेका २४ वटा बहाबहीमध्ये सम्पदा पदयात्राको क्रममा १९ वटा बहाबही अवलोकन र परिचयबारे जानकारी पाउने अवसर प्राप्त भएको बताउँदै सम्पदा पदयात्राको आयोजनाले भक्तपुर रौनकमय बनेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले विभिन्न सरोकारवालाहरूसँग चरणबद्ध छलफलपश्चात् सम्पदा पदयात्रा कार्यक्रम आयोजना गरिएको बताउँदै यो कार्यक्रम सम्पूर्ण नगरवासीहरूको साझा कार्यक्रम र उत्सवको रूपमा सम्पन्न भएको बताउनुभयो ।

**विविध...**

विदेशमन्त्री रोड्रिगेजले बौद्धिक वास्तुकार र क्युवाली क्रान्तिका नेता फिडेल क्यास्ट्रोको प्रशंसा गर्नुभयो ।

"फिडेलको आदेशमा यी कार्यहरूमा भाग लिने सुअवसर पाएकामध्ये कसैले पनि हामी आज पनि स्वतन्त्र देशमा हुनेछौँ भनेर कल्पना गर्न सक्दैनौँ," उहाँले भेला भएकाहरूलाई सम्बोधन गर्दै भन्नुभयो ।

कमाण्डर क्यास्ट्रोले क्युवाली जनता, सरकार र पार्टीसित ल्याटिन अमेरिकाका प्रगतिशील र क्रान्तिकारी सरकारहरूबिच एकता र ऐक्यबद्धता कायम गर्नुभयो र हामी त्यसलाई निरन्तर कायम राख्नेछौँ, नेता रोड्रिगेजले स्पष्ट पार्नुभयो ।

सबैजसो ल्याटिन अमेरिकी देशहरू संरा अमेरिकाबाट बढ्दो आक्रमणमा पर्दै आएका छन् किनभने साम्राज्यवादीहरूले ती देशमा आफ्नो अनुकूल शासन परिवर्तन गर्न खोजिरहेका छन् ।

**विदेशीको...**

सुकाउन बाध्य हुन्छ । अनि कसरी उत्पादन बढ्छ र आयस्रोत बढ्छ ? घुमाइफिराइ विदेशबाट सामान आयात गर्नेमा सरकार केन्द्रित हुन्छ ।

अन्तर्राष्ट्रिय लगानी सम्मेलन गरेर देशको अर्थतन्त्र सुध्रिँदैन । विदेशी लगानी बढेर या विदेशी उद्योगी व्यवसायीले देशमा उद्योग खोलेर, उनीहरूलाई बढावा दिएर के देशको आयस्रोत बढ्ने हो ? देशको अर्थतन्त्र सुदृढ हुने हो ? सरकारले देशको उत्पादनमा जोड दिनुपर्छ, स्वदेशी सामानको बिक्री वितरणमा प्राथमिकता दिनुपर्छ । यहाँका उत्पादित सामान खेर पठाएर विदेशी सामान भित्र्याएर देशको आयस्रोत बढ्दैन । देशको आयस्रोत बढ्दैन भने विकास पनि पछि पर्छ । विकास पछि पर्नु भनेको जनताको जीवनस्तर कमजोर हुनु हो । यसरी देशमा आर्थिक समस्या बढ्दै गएको छ । यो ठुला दलहरू भागबन्डाको राजनीति गर्दा र सत्तामुखी राजनीतिमा केन्द्रित हुँदाको परिणाम हो ।


## हार्दिक समवेदना



भक्तपुर जिल्ला भ.न.पा. वडा नं. १० नगांचा टोल बस्ने यस समूहका सदस्य तथा हाम्रा हितैषी मित्र राजुप्रसाद मगजुका पूजनीय पिता **धनबहादुर मगजु**को दु:खद निधन भएको आज १० औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

जन्म : २००३/१०/०४
निधन : २०८०/०९/०९

**69 Group**
**भक्तपुर**

## हार्दिक समवेदना



**मंगलमाया बनमाला**

जन्म : १९९९/०१/०२ निधन : २०८०/०९/१५

यस संस्थाका कोषाध्यक्ष नारायणमान बनमालाकी ममतामयी माता **मंगलमाया बनमाला**को असामयिक दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.**
**सञ्चालक समिति परिवार**
भ.न.पा. १०, कमलविनायक

## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- यसले तपाई र तपाईको परिवारलाई असर पुर्‍याउँछ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म
१९९९/०१/०२

निधन
२०८०/०९/१५

**मंगलमाया बनमाला**

यस संस्थाका प्रमुख सल्लाहकार नारायणमान बनमालाकी ममतामयी माता तथा सञ्चालक समितिका सचिव लक्ष्मीप्रसाद बनमालाकी हजुरआमा **मंगलमाया बनमाला**को असामयिक दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**श्री नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्था परिवार**
भ.न.पा. ९, गछे टोल

## हार्दिक समवेदना



जन्म
१९९९/०१/०२

निधन
२०८०/०९/१५

यस गुठीका तेस्रो नाइके नारायणमान बनमालाकी पूजनीय आमा **मंगलमाया बनमाला**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**बनमाला नचा गुठी परिवार**
भनपा-७, इनाचो, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००५/१/१५

निधन
२०८०/९/१६

यस संस्थाका सदस्यता नं. ७७२ का सदस्य **भक्तलाल न्हुछें**को असामयिक निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ-४, भक्तपुर

## हार्दिक समवेदना



जन्म
१९९३/८/१

निधन
२०८०/८/२९

यस संस्थाका सदस्यता नं. २९२३ का सदस्य **कृष्णमाया घेमोसु**को असामयिक निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ-४, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा